# सानी एलेनका कथाहरू र सन्देश

# Stories of Little Ellen and the Message

BY
HELEN M. JOHNSON
AND
EVELYN DINSMORE

लेखिकाहरू:
हेलेन एम. जोहनसन
र
इभलिन रुज डिनस्मोर

हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
नेपाल
२०७९

भावानुवाद
भजुराम तखाछें श्रेष्ठ
Email: bhajupurna@gmail.com
9840292785

भाषा शुद्धिकरण
भुमिका परियार

संस्करणः प्रथम

प्रकाशकः
उमेश कुमार पोखरेल
हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

https://www.ellenwhitedefend.com/children's/little_ellen.htm
पासिफिक प्रेस आसोशियशन
(२०७९)
(आन्तरिक प्रयोजनको निम्ति )

# सामग्री


| अध्याय | शिर्षक | पेज नम्बर |
|---|---|---|
| – १. . . . | स्कूलमा एलेन . . . . . . . . . . . . . . . . | १ – ६ |
| – २. . . . | अरुको निम्ति काम गर्नु . . . . . . . . . . . | ७ – ८ |
| – ३. . . . | कस्तो रमाइलो दिव्यदर्शन . . . . . . . . . | ९– १४ |
| – ४. . . . | एलेनले येशूसँगै स्वर्ग देख्छिन् . . . . . | १५ – २० |
| – ५. . . . | गऱ्हौ बाइबल एलेनले उचाल्छिन् . . . . | २१– २६ |
| – ६. . . . | येशूको सन्देश . . . . . . . . . . . | २७ – ३१ |
| – ७. . . . | सनी बालिका र छाता . . . . . . . . . . | ३३– ४२ |
| – ८. . . . | येशूको निम्ति कानेखुशी गर्नु . . . . . . | ३९ – ४२ |
| – ९. . . . | घोडाले आफ्नो टाउको झुकाउँछ . . . . | ४३ – ४५ |
| – १०. . . . | रेल दुर्घट्ना . . . . . . . . . . . . . . | ४७ – ५१ |
| – ११. . . . | समुद्रमा आएको आँधीमा सुरक्षा . . . . | ५३ – ५५ |
| – १२. . . . | यात्रा गर्दै र लेख्दै . . . . . . . . . . | ५७ – ५८ |
| – १३. . . . | अन्धकार रात . . . . . . . . . . . . . | ५९ – ६५ |
| – १४. . . . | येशूलाई भेट्न तयारी . . . . . . . . . | ६७ – ६८ |

– १५. . . . येशूको आगमनलाई हेर्दै . . . . . . . ६९ – ७२

– १६. . . . स्वर्गबाट सन्देश . . . . . . . . . . ७३ – ७५

– १७. . . . जहाजको मालिक तथा क्याप्टेनले साबथको
बारेमा थाहा पाउँछन् . . . . . . . ७७ – ८४

– १८. . . . पहिलो साबथ स्कूल पाठ . . . . . . ८५ – ८९


– १९. . . . चर्चले चलाएको पहिलो स्कूल . . . . ९१ – ९३

– २०. . . . सुसमाचार शिबिर . . . . . . . . . . ९५ – ९७

– २१. . . . अमेरिकाबाट बिदेशमा सुसमाचार प्रचार गर्न
जाने पहिलो सेभेन्थ-डे एडभेन्टिस्ट . ९९ – १०२

– २२. . . . श्रीमती एलेन ह्वाइटका अन्तिम
दिनहरू. . . . . . . . . . . . . . .१०३ – १०६

– २३ . . सारा संसारमा उडेर र गुडेर सेभेन्थ-डे एडभेन्टिस्टले
पाएको सन्देश फैलिनै काम . . . . .१०७ – ११०



सानो एलेन र उनका साथीहरू स्कूल जान मन पराउँथे ।

# अध्याय १

# स्कूलमा एलेन

सानी एलेन हार्मन हँसिली, राम्री र खुशी केटी थिइन्। उनका बुबा र आमा दयालु र मायालु थिए। उनको जुम्ल्याहा बहिनी थियो। उनको नाउँ इलिजाबेथ थियो। उनको अरू छ दाजुभाइ र दिदीबहिनीहरू पनि थिए।

त्यो घर परिवार खुशी थियो। दाजुभाइ र दिदी

बहिनीहरू मिलिजुली खेलेर रमाइलो गर्थे। सानी एलेन स्कूल जान्थी। उनकी बहिनी इलिजाबेथ पनि स्कूलमा जान्थी। तिनीहरू स्कूल जान धेरै मन पराउँथे। तिनीहरू किताब पढ्न असाध्यै मन पराउँथे। तिनीहरूलाई हिसाब मनपर्थ्यो। शब्दहरू पनि ठिक ठिक भएको वा हिज्जे तिनीहरूलाई मन पर्थ्यो।

एक दिन एलेन, इलिजाबेथ र अर्की सानी केटी स्कूलबाट घर फर्कन्दै थिए। तिनीहरूको पछि पछि अलि ठूली केटी पनि आइरहेकी थिइन्। उनी रिसालु र कचकच गर्ने खालको केटी थिइन्। उनी हठी मिजासकी थिइन् र आफूलाईमात्र जे मन लाग्यो त्यही गर्थिन्। त्यसबेला उनी रिसाएकी थिइन् र गाली गर्दै एलेन र इलिजाबेथको पछि पछि आउँदै थिइन्।

एलेन र इलिजाबेथ सकेसम्म हतार हतार गर्दै जाँदै थिए। त्यो ठूली केटीले तिनीहरूलाई पछ्याउन छाडिन्न।

तीन जना केटीहरू घरतिर झन दगुर्न थाले। एलेनले त्यो रिसाहा केटी कति टाढा छिन् भनेर पछाडि फर्केर हेरिन्।


त्यसैबेला त्यस केटीले ढुङ्गा हानिन्। त्यस ढुङ्गाले सानी एलेनको नाकैमा लाग्यो। उनी जमिनमा ढलिन्।

एलेनको नाकबाट रगत बगेर मुर्छा पर्न थालिन्। इलिजाबेथ र अर्को सानी केटी साथीले तिनीहरूले सकिनसकी एलेनलाई घरमा बोकेर लगे। एलेन धेरै हप्तासम्म सिकिस्त बिरामी भइन्। उनी त मर्छिन् भनेर धेरै मानिसहरूले सोचेका थिए। उनको अनुहार दुब्लो भयो र उनी चिन्न नसक्ने गरेर ओछ्यानमा परिरहिन्। त्यसबेला उनको बुबा कामले गर्दा टाढा गएका थिए। जब उनी फर्के ओछ्यानमा परिरहेकी एलेनलाई आफ्नी छोरी भनेर चिन्नै सकेन।

"मेरी प्यारी छोरी एलेन खोइ?" भनेर उनले सोधे। तब उनलाई के भयो सो थाहा पाएपछि उनी छोरीप्रति धेरै दु:खित भइन्।

बिस्तारै उनी अलि राम्रो भएपछि फेरि स्कूल गइन्।





उनी पढ्न खोजिन्। उनले लेख्न खोजिन्, तर उनको हात काँपीरहेको थियो। उनले किताबको अक्षर चिन्न पनि सिकन्न। उनकी गुरुबाले भन्नुभयो, "बिचरा एलेन। तिमी त धेरै बिरामी छौ। तिमी स्कूल आउन सक्दैनौ।" एलेन सुँक्क सुँक्क गर्न थालिन्। उनी  स्कूल जान धेरै चाहेकी थिइन्।

एलेन धेरै पल्ट स्कूल गइन्, तर उनी छिटै घर फर्किनु पर्दथ्यो। उनका धेरै साथीहरू एलेनको हालत देखेर दु:खीत भए । अझ कतिपयले त यो पनि भन्न थाले, "एलेन पहिलाको जस्तो राम्री छैन। उनलाई पहिला हामी धेरै मन पराउँथ्यौँ। उनीसँग खेल्थ्यौँ। अब पहिलाको जस्तो उनलाई हामी मन पराउँदैनौँ। तिनीहरूको कुराले

एलेनको चित्त धेरै दु:ख्यो। "म त एक्लै भएँ," भनेर दिक्क मान्न थालिन्।

एक दिन एक जना पास्टर एलेन भएको गाउँमा आए। उनको नाउँ विलियम मिलर थियो। उनले मानिसहरूलाई येशू फेरि आउँदै हुनुहुन्छ भनेर सुनाएका थिए।

एलेन उनका केही साथीहरूसँग त्यस पास्टरले प्रचार गरेको सुन्न गए। उनले प्रिय येशूको बारेमा बोलेका थिए। जब प्रिय येशूको बारेमा उनले सुनिन्, एलेनको हृदय खुशीले नाच्न थाल्यो। एलेनले येशूलाई धेरै माया गर्थिन्।

उनले भनिन्, "म राम्रो नभएतापनि मलाई येशूले माया गर्नुहुन्छ। उहाँको मायादेखि म धेरै खुशी छु। म



स्कूलमा जान नसकेतापनि म जस्तो छु त्यस्तै उहाँले मलाई प्रेम गर्नु हुन्छ। उहाँलाई मेरो बारेमा सबै थाहा छ।" येशूले उनलाई माया गर्नुहुन्छ भनेर थाहा पाएपछि उनी फेरि धेरै खुशी भइन्।



# अध्याय २

## अरूको निम्ति काम गर्नु

एलेनको हृदय येशूप्रतिको प्रेमले भरिभराउ भएको थियो। सबै मानिसले उहाँलाई माया गरोस् भन्ने उनले चाहेकी थिइन्। आफ्ना खेल्ने साथीहरूसँग येशूको बारेमा सुनाउँथिन्। तिनीहरूसँगै उनले प्रार्थना गर्थिन्। उनले प्रार्थना सङ्गति सगै गर्ने गर्थिन। उनको कामले गर्दा उनका धेरै साथीहरूले येशूलाई प्रेम गर्न थालेका थिए।

उनका साथीहरूले पनि अरूहरूको निम्ति काम गर्न

थालेका थिए। एलेनले धेरै मिशिनेरी काम गर्न चाहेकी थिइन्। उनी र उनका दिदीबहिनीहरूले भने: "हामीले पैसा कमाउनुपर्छ। अनि हामीले अरूहरूलाई बाँड्न किताब र पर्चाहरू किन सक्छौँ।" तिनीहरूले मोजा बुने। तिनीहरूले आफ्ना बाबुलाई टोपी बनाउन सघाए। एलेन कमजोरी थिइन्, तैपनि उनले सकेसम्म काम गरिन्।

तिनले दिनको २५ सेन्ट कमाइन् अर्थात् अहिलेको हिसाबमा करिब ३० रुपैँया। त्यस पैसाले उनले एडभेन्टिस्ट किताब र पत्रिकाहरू किनिन्। ती अरूहरूलाई बाँडिन्। यसरी उनले गरेर धेरैले येशूको बारेमा थाहा पाए। दिनदिनै येशू र उहाँको प्रेमको बारेमा सिक्न थालेकी थिइन्।

एक दिन एक जना पाष्टरले भने: "एलेनले एक दिन ठूलो काम गर्न परमेश्वरले तयार गर्दै हुनुहुन्छ जस्तो लाग्छ।" उनी पक्का इसाई थिइन्।

भाइबहिनीहरू हो, अरूहरूलाई सहायता गर्न तिमीहरूले पनि के गर्न सक्छौँ, सोच ल! फेरि येशूले मानिसहरूलाई कस्तो प्रेम गर्नुहुन्छ त्यो थाहा दिन तिमीहरूले के गर्न सक्छौ, त्यो पनि सोच, हुन्छ?

# अध्याय ३


## कस्तो रमाइलो दिव्यदर्शन

एलेनलाई येशूले विशेष बरदान दिन चाहनुभएको थियो। उनी अगमवक्ता हुने काम थियो। अगमवक्ताले परमेश्वरका मानिसहरूलाई उहाँले दिनुभएको खबरहरू सुनाउँछन्। येशूले एलेनलाई दिव्यदर्शनबाट बोल्नुहुन्थ्यो। दिव्यदर्शनलाई स्वप्नदर्शन पनि भनिन्छ। यो सपना जस्तो हो। उहाँले धेरै दिव्यदर्शनहरूको अनुभव गर्नुभएको थियो। उनले देखेका धेरै दिव्यदर्शनहरूमा एउटा यो पनि हो।

एकदिन उनी दिक्क भएको बेलामा दिव्यदर्शन देखिन्। उनले भनिन्: "मलाई येशू हेर्न कस्तो मन लाग्छ। यदि उहाँ यस पृथ्वीमा हुनुभएको भए म उहाँकहाँ दगुरेर जान्थेँ होला। मेरा सबै दु:खहरू उहाँलाई म सुनाउँथे होला। उहाँले मलाई सहायता गर्नुहुन्थो। यो मलाई थाहा छ। मसधैँ उहाँलाई प्रेम गर्नेछु र उहाँको सेवा गर्नेछु।"

उनको आफ्नो दिव्यदर्शनमा एउटा ढोका खोलेको





देखिन्। त्यसबेला स्वर्गदूत उनको अगाडि देखा परे। उनले एलेनलाई सोधे, "नानी, के तिमीले येशूलाई हेर्न चाहन्छौ। उहाँ यहीँ हुनुहुन्छ। यदि तिमीले चाहन्छौ भने तिमीले उनलाई देख्न सक्छौ। तिमीसँग जे छ सो तिमी लेउ र मेरो पछि लाग।"

एलेन खुशी भइन्। उनीसँग भएको सामानहरू जम्मा गरेर उनले बोकिन् र स्वर्गदूतको पछाडि लागिन्। अनि तिनीहरू भरेङ्गमा आइपुगे। तिनीहरू एक एक गरेर भरेङ्गका खुड्किलाहरू चढ्न थाले। स्वर्गदूतले भने: "तिम्रो आँखा माथितिर हेर्दै गर्नु। अरूहरू पनि यस भरेङ्गमा चढेका थिए। कतिपयले माथि आँखा नराखि तल हेरे। अनि तिनीहरूलाई रिङ्गता लाग्यो र तल

खसे।"

जब एलेन भरेङ्गको सबभन्दा माथि पुगिन्, तब



स्वर्गदूतले भने: "तिमीले सबै थोकहरू यहीँ छोड।" अनि उनले ढोका खोलीन र भित्र गइ।

एकै क्षणमा उनी येशूको अगाडि उभिन्। उनको अनुहार अत्यन्तै सुन्दर थियो। त्यो जस्तो सुन्दर अनुहार उनले कसैको पनि देखेकी थिइनन्। उनका दयालु आँखाहरू मायाले भरिएको थियो। उहाँले माया गरेर हाँसेको उहाँको अनुहार उनले देखिन्। एलेनलाई थाहा भयो कि उहाँले उनलाई माया गर्नुहुन्छ। उहाँले उहाँको हात उनको शिरमा राख्नु भयो। मायालु भावनाले उहाँले उनलाई भन्नुभयो: "तिमी नडराउ।"

उहाँको बोलिले उनलाई धेरै खुशी पार्‍यो। उहाँको अगाडि उनी घोप्टो परिन्। जब उनी उठिन्, येशूका आँखाहरू उनमाथि थिए।

स्वर्गदूतले ढोका खोले। उनले भने: "अब तिमीले तिम्रो सामानहरू फेरि बटुल्न सक्छौ।"

स्वर्गदूतले उनलाई हरियो डोरी दिए र उनको हृदयको नजिक राख भने। जब जब तिमीले येशूलाई हेर्न चाहछ्यौ त्यो डोरी निकालेर तान भनेर स्वर्गदूतले भने। एलेनले येशूलाई बराबर हेर्न चाहन्थीन, नत्रभने त्यो डोरी गाँठो पर्थ्यो र फुकाउन गाह्रो हुन्थ्यो र तान्न सक्दैनथ्यो। उनले त्यो डोरी स्वर्गदूतले भनेको जस्तो उनको दिलको

नजिकै राखिन्। अनि उनी साँघुरो भरेङ्गबाट ओर्लिन्।

एलेनलाई थाहा थियो कि त्यो हरियो डोरीको अर्थ येशूप्रति माया र विश्वास हो । हामीले हाम्रो विश्वासले येशूलाई हेर्छौं। हामी सबैले विश्वासको 'हरियो डोरीलाई' चलाउन सक्छौं। येशूको बारेमा बराबर सोच्नु र उहाँको बारेमा बाइबलमा लेखिएको कुराहरू सिक्न कोशिश गर्नु ल! जब बाइबलले जे भन्छ त्यो सत्य र ठिक हो भनेर हामी मान्छौं त्यो नै हाम्रो विश्वास हो।

जब एलेन दिव्यदर्शनबाट ब्युँझिन् तब सुन्दर र रमाइलो सपनाको निम्ति परमेश्वरलाई धन्यवाद दिइन्। येशूले उनमाथि सधैं मुस्कुराएर हेरुन् भनि उनले प्रार्थना गरिन्।

# अध्याय ४

## एलेनले येशूसँगै स्वर्ग देखिछन्

एलेन ठूली हुँदै १७ वर्षमा पुगिन्। उनी १७ वर्षको तन्नेरी हुँदा एउटा घरमा महिलाहरूले प्रार्थना गरिरहेको समूहमा गइन्। जब महिलाहरूको साथ उनी प्रार्थना गर्दै थिइन्, तब परमेश्वरले उनलाई त्यसैबेला दिव्यदर्शन दिनुभयो। *( दिव्यदर्शन भनेको सपना जस्तै हो तर ननिदाएको बेलामा अनुभव गरिन्छ। )* बाहिरबाट हेर्दा त्यो व्यक्ति निदाएको जस्तै हुन्छ, तर उसको दिमाग सपनामा देखेको जस्तै चलिरहन्छ।

जब परमेश्वर कसैलाई दिव्यदर्शन दिनुहुन्छ तब त्यस दर्शनमा हुने व्यक्तिलाई उहाँले के देखाउन चाहनुहुन्छ सो देखाउनु हुन्छ। परमेश्वरबाट नै दिएको दिव्यदर्शनहरू अचम्मका हुन्छन्। तर ती दिव्यदर्शन देखिरहेको मानिसका वरिपरि रहेका अरू मानिसहरूले त्यो दर्शन देख्न सक्दैनन्। तैपनि त्यसबेला ती मानिसहरूले दिव्यदर्शनको अनुभव गरिरहेको मुहारमा हेर्दा उनमा



केही न केही अचम्मको कुरो भइरहेको छ भनेर अनुभव गर्छन्।

जब कसैले परमेश्वरबाट नै दिव्यदर्शन दिनुहुन्छ त्यसबेला त्यो देखिने व्यक्तिको व्यवहार अचम्मको हुन्छ। त्यो व्यक्तिले त सास फेरिरहेको हुँदैन। दिव्यदर्शन देखिरहेको समयभरी उसको सास थप्प हुन्छ। तर सासै

नभएतापनि त्यो व्यक्ति उठेर हिँडदुल गर्दै कुरा पनि गर्न सक्छ। दिव्यदर्शन परमेश्वरबाट नै आएको हो कि भनेर थाहा पाउन त्यस व्यक्तिले सास फेरिरहेको छ कि छैन भनेर हेर्नुपर्छ। दिव्यदर्शन कहिलेकाहीँ त घन्टौँसम्म पनि भइरहन्छ। तिमीहरूलाई थाहा छ यदि हामीले केही मिनेट सास रोक्यौँ भने हामी मर्न सक्छौँ। एलेनले चार घन्टा वा अझ धेरै लामोसमय सम्म दिव्यदर्शन देखेकी थिइन्। विलियम फ्वाय भन्ने एक जना परमेश्वरको भक्तले त चर्चमा उनले दिव्यदर्शन देख्दा त्यसबाट बाहिर निस्कन उनलाई १२ घन्टा लागेको थियो! दिव्यदर्शन देख्ने मानिसले सास नफेरेपनि त्यो व्यक्ति जीवतै हुन्छ र उसको मुटु धुकधुक गरेर चलिनै रहन्छ।

अर्को कुरो, जब कसैले दिव्यदर्शन देखिरहन्छ भने उसको वरिपरि के भइरहेको हुन्छ वा को छन् सो उसलाई थाहा हुँदैन। तिनीहरू परमेश्वरले देखाउनु भएको ठाउँमा गइरहेको र उहाँले देखाउन चाहेको कुरो तिनीहरूले देखिरहेको जस्तो तिनीहरूको अनुहारबाट देखाउँछ। परमेश्वरका सच्चा वा सक्ली अगमवक्ताहरू र तिनीहरूको दिव्यदर्शनहरूको बारेमा हामी पछि सिक्नेछौँ। दिव्यदर्शनहरूमा आफूले के के देखे भनेर एलेनले लेखेकी छिन्। पछिका अध्यायहरूमा उनले दिव्यदर्शनहरूमा देखेर लेखेका केही लेखहरू पछि हामी पढ्नेछौँ।

एलेनले पहिला देखेको दिव्यदर्शनमा परमेश्वरका मानिसहरू स्वर्गमा गइरहेको देखेकी थिइन्। जब उनी बढ्न थालिन् तब उनले धेरै दिव्यदर्शनहरू देखेकी थिइन्।

दिव्यदर्शनमा एलेनलाई येशूले धेरै पल्ट कुरा गर्नुभएको थियो। उहाँले उनलाई धेरे बस्तुहरू देखाउनुभएको थियो। एउटा दिव्यदर्शनमा येशूले उनलाई नयाँ पृथ्वी देखाउनुभएको थियो। त्यहाँ उनले धेरै चहकिलो स्वर्गदूतहरू देखेकी थिइन्। उनले सुनका हार्प वा धेरै तारहरू भएको बाजाहरू र सुन्दर मुकुटहरू देखिन्। ती मुकुटहरूमा धेरै ताराहरू चम्किरहेको पनि उनले देखिन्। कुनै मुकुटहरूमा थोरै ताराहरू थिए।

सबै मुकुटहरू धेरै चम्किरहेको थियो। येशूले एउटा सुन्दर ढोका खोल्नुभयो। त्यो ढोका नयाँ यरुशलेमको ढोकाहरूमा एउटा थियो। त्यसभित्र, एलेनले परमेश्वरको सिंहासन देखिन्। त्यहाँ जीवनको नदी बगिरहेको देखिन्। नदीको किनारमा जीवनको रूख थियो। त्यस रूखमा धेरै हाँगाहरू थिए। ती हाँगाहरू फलै फलले झ्वाम्म भएको थियो। त्यस रूखमामात्रै बाऱ्ह थरिका फलफूलहरू थिए। ती फलहरू सुनौलो र चाँदी जस्तै थिए। एलेनले त्यस रूखमुनि बसिन्। उनले सुनौलो हार्पहरू छोइन्। त्यो अत्यन्तै अचम्मको थियो।

सहरबाट बाहिर उनले चौर देखिन्। त्यहाँ धेरै थरिका फूलहरू थिए। उनले एउटा फूल टिपिन्। उनले भनिन्: "यी फूलहरू कहिल्यै पनि ओइलाउँदैन। त्यहाँ गुलाफ र लिली फूलहरू थिए। त्यस चौरमा धेरै किसिमा फूलहरू थिए।

अल्गो र बिशाल रूखहरू र हरियो घाँसहरूले नयाँ पृथ्वी अत्यन्ते सुन्दर र रमणीय थियो। सिँह र पाठो सँगसँगै चरिरहेका थिए। त्यहाँ विभिन्न किसिममा जनावरहरू थिए। तिनीहरू सबै घर पालुवा जस्तै थिए र शान्त थिए।

येशूले एलेनलाई भन्नुभयो: "केही समयमा नै तिमी यहाँ रहन सक्नेछौ। तर तिमी विश्वासमा बलियो भएर बसिनै रहनुपर्छ।" अरू धेरै मानिसहरू पनि त्यहाँ रहनेछन्। तिनीहरूले जीवनको रूखबाट फलहरू खानेछन्। तिनीहरूले जीवनको नदीबाट स्वच्छ र निर्मल पानी पिउनेछन्। तिनीहरू येशूसँग सधैँ रहनेछन्।

जब तिनी त्यस दिव्यदर्शनबाट निस्किन् एलेनलाई सबै थोक परिवर्तन भएको जस्तो भएको थियो। यो पृथ्वी उनको निम्ति सुन्दर र रमाइलो ठाउँ हुन छोड्यो। यस पृथ्वीमा अँध्यारो नै अँध्यारो भएको उनलाई लाग्यो। स्वर्गमा रहन नसक्दा उनलाई धेरे नियास्रो लाग्यो।

त्यहाँ जान उनी धेरै आत्तुरी थिइन। उनले त्यस नयाँ पृथ्वीमा देखेका अरू धेरै कुराहरू अरूहरूलाई बताउन खोजिन्। उनले भनिन्: "स्वर्ग यस्तो सुन्दर ठाउँ हो कि त्यसको बारेमा बताउन शब्दहरू नै छैन। छिटै हामी त्यसका महिमा, सौन्दर्यता र रमाइलो वातावरणमा रहन पाउनेछौँ। येशूसँग रहन पाउनु त झन कति रमाइलो हुनेछ।"

भाइबहिनीहरू हो, यदि हाम्रा हृदयहरू प्रिय येशूलाई सुम्पयौँ भने, एक दिन नयाँ पृथ्वी हाम्रो घर हुनेछ।

# अध्याय ५

## गरुहौँ बाइबल एलेनले उचाल्छिन्

भाइ बहिनीहरू हो, यस कथालाई तिमीहरूले अनुभव गर्न चाहन्छौ भने तिमीहरूले ९ किलो जति भएको कुनै पनि थोक उचालेर हेर त! तिमीहरूको घरको कोठामा त्यस्तो गर्हौं के होला? अर्थात तिमीहरूको स्कूल जाने झोलामा धेरै किताबहरू राख्छौ र सकिनसकि पछाडि बोक्छौ। त्यस झोलालाई तिम्रो एउटा हातले हत्केलामा राखेर माथि उचालेर हेर त! कित तिमीहरूले त्यसलाई एउटा हातलेमात्र उचाल्न सक्दैनौ कि त धेरै समयसम्म उचालिराख्न सक्दैनौ, सक्छौँ त? अब हामी कथालाई अघि बढाऔँ।


आफ्नो नाक फुटेपछि र धेरै बिरामी भएपछि एलेन हार्मन धेरै कमजोर भएकी थिइन्। उनी पहिला जस्तो बलियो थिइन। उनी धेरै जसो बिरामी हुन्थीन। उनी धेरै टाढा हिँड्न सक्दिनथी र पहिलाको जस्तो गर्हौं भारि बोक्न सक्दैनथी। तर जब उनले दिव्यदर्शन देख्थिन्,



तब येशूले उनलाई विशेष बल दिनुहुन्थ्यो। कतिपय समयमा उनले गरेका काम बलियो मानिसले पनि गर्न सक्दैनथ्यो।

उनले उनका हातहरू अत्यन्तै रमाइलो तरिकाले फैलाउँथी र लामो समयसम्म उचाली राख्थी। त्यसलाई कुनै पनि बलियो मानिसले हल्लाउन सक्दैनथ्यो। हामीले अघि नै भन्यौँ कि जब उनी दिव्यदर्शनमा हुन्थी तब उनले सास फेर्दैनथी, तर उनको मुटु चलिनै रहन्थ्यो। आफू रहेको कोठामा के भइरहेको छ सो उनलाई थाहा हुँदैनथ्यो, तर येशूले जे भन्नुभयो त्योमात्रै सुन्थी र जे देखाउनुभयो त्योमात्रै देख्थिन्।

एलेनले देखेका दिव्यदर्शन परमेश्वरबाटनै हो



भनेर देखाउन येशूले उनलाई त्यस्तो बनाउनुहुन्थ्यो। उनी कुनै काल्पनिक कुरा गर्नुहुन्न भनेर पनि देखाउन उनलाई त्यस्तो बल र व्यवहार येशूले दिनुहुन्थ्यो। धेरै मानिसहरूले उनका दिव्यदर्शनहरूलाई परमेश्वरबाट आएका थिए भनेर विश्वास गर्दैनथे। अझ तिनीलाई सैतानले चलाइरहेको छ भनेर पनि कतिपयले भनठान्थे।

एक दिन डाक्टर ब्राउन भन्ने मानिसले यस्तो फूर्ति लगाएको थियो कि एलेनले दिव्यदर्शन देखेको समयमा उनी भएको भए त्यस दिव्यदर्शनलाई उनले रोक्न सक्नेछ। डाक्टर ब्राउन टुनामुना गर्ने तथा दुष्ट आत्मा  जगाउने जस्ता काम गर्थ्यो। अर्थात् उनी झाँक्रि जस्तै थियो। तब एक दिन एउटा प्रार्थना संगतिमा एलेन

थिइन्। त्यसबेला डाक्टर ब्राउन पनि आए। अनि एलेनले दिव्यदर्शन पनि देखिन्। अनि मानिसहरूले डाक्टर ब्राउनलाई भने, "ल त, एलेनले देखिरहेको दिव्यदर्शनलाई रोक्न खोज्नुहोस् त?"

डाक्टर ब्राउन उनको नजिक गएर उनलाई जाँचे। उनी त रातोपिरो भए र काम्न पो थाले । "उनले त सास पनि फेरेको छैन!" भनेर कराउँदै कोठाबाट भाग्न खोजेका थिए, तर मानिसहरूलाई उनलाई रोकेर सोधे, "के भयो डाक्टर साहेब?"

"परमेश्वरलाईमात्र थाहा छ। तर मलाई यहाँबाट जान दिनुहोस्," भन्दै चिच्याएर ढोकाबाट फुत्त निस्केर भागे। एक दिन एलेन एउटा बैठकमा अरू मानिसहरूसँग प्रार्थना गर्दै थिइन्। त्यसैबेला एलेनलाई येशूले दर्शन दिनुभयो। त्यस बैठकको टेबुलमा ठूलो र गर्‌हौ बाइबल थियो। त्यो करिब नौ किलोको थियो।

एलेनले त्यो बाइबललाई हातमा लिइन्। उनको बायाँ हातले त्यो बाइबल उचालीन् र सबैको सामु देखाइन्। मानिसहरूले उनलाई हेर्दै थिए। तिनीहरूले भने, "त्यो बाइबल त धेरै गर्‌हौँ छ। उनले धेरै बेर उचालिराख्न सक्दैन।" एलेनकी आमाले भनिन्, "जब एलेन दिव्यदर्शनमा छैन भने त्यो बाइबल उचाल्नै

पनि सक्दैन। प्रभु येशूले उनलाई शक्ति दिइरहनुभएको हुनुपर्छ।"

सबैको आँखा एलेनतिर थियो। उनले त्यस गर्‌हौँ बाइबल उचालिनै राखेकी थिइन्। अझ त्यस बाइबललाई बायाँ हातले उचालेर कोठा वरिपरि हिँडिन्। आधा घन्टाभन्दा पनि बेसी उनले त्यो बाइबल उचालेर नै राखिन्। उनले त त्यस बाइबललाई आफ्नो आँखाले नहेरिकन बाइबलमा भएका पदहरूलाई औँलाले देखाएर पढिरहेकी थिइन्। उनको मुखबाट सास पनि आइरहेको थिएन! परमेश्वरको सहयोगले मात्र त्यस्तो काम गर्न सक्नुहुन्छ। यो उनको तेस्रो दिव्यदर्शन थियो। मानिसहरूले खुशी भएर भने: "यो त गजबै भयो वा! बलियो मानिसले त्यो गर्‌हौँ बाइबल दुई मिनेट पनि उचाली राख्न सक्दैन। परमेश्वरले उनलाई विशेष बल दिनुभएको रहेछ।"

एलेनको निम्ति पवित्र बाइबल जहिले पनि बहुमूल्य किताव भएको थियो। अर्को फेरा उनले दिव्यदर्शन देख्दादेख्दै ठूलो बाइबल उचालिन्। त्यो पनि धेरै किलो गर्‌हौँ थियो। त्यो बाइबललाई आफ्नो टाउकोमाथि उचालिन्। अर्को हातले बाइबलका पानाहरू पल्टाउन थालिन्।

उनले धेरै पदहरूलाई औँल्याइन्। उनले बाइबलतिर

आँखा लगाइरहेकी थिइनन्। उनी त स्वर्गतिर पो हेर्दै थिइन्। त्यसबेला उनले बाइबलका पदहरू भन्दै थिइन्। मानिसहरूले सुनिरहेका थिए।

तिनीहरूले भने: "लौ, उनी बाइबल पढिरहेकी छैन। उनले त स्वर्गतिर पो हेरिरहेकी छिन। कुन पदलाई उनले औंल्याइरहेको छ के उनलाई थाहा छ त?" एलेन जी ह्वाइटले गर्‍हौं बाइबल उचाल्दै थिइन्। उनकी बहिनीले मेचमाथि उभेर उनले औंल्याइरहेका पदहरू हेरिन्।

एलेनले स्वर्गतिर हेर्दै बाइबलमा भएका पदहरू औंल्याउँदै थिइन्। उनले पदहरू औंल्याउँदै सुनाइरहेकी थिइन्। उनले औंल्याएर भनेका पदहरूको सूची हामीसँग छ। उनले एक पल्टनै ५० वटा पदहरू औंल्याउँदै थिइन्। उनले लेखेको 'अर्ली राइटिङ्गस्' भन्ने पुस्तकमा ती पदहरूको सूची छ।

दिव्यदर्शनपछि येशूले उनलाई के भन्नुभएको थियो भनेर सुनाइन्। आफूले देखेका कुराहरू उनले मानिसहरूलाई सुनाइन्। एलेनले दिव्यदर्शन देखिरहेको बेलामा त्यहाँ को छ भने त्यो व्यक्तिले कहिल्यै पनि बिर्सिंदैन। उसलाई धेरै गजब लागिरहेको हुन्छ। येशूले उनलाई दिव्यदर्शनमा बोलिरहनुभएको छ भनेर सबैले महसुस गर्दथे।

# अध्याय ६

# येशूको सन्देश

भाइबहिनीहरू हो, सानी एलेन धेरै कमजोरी र बिरामी थिइन् भनेर हामीले पढ्यौँ।

एक दिन उनलाई धेरै नराम्रो खोकी लागेको थियो। खोक्दा खोक्दै उनी मर्छिन् भनेर डाक्टरले सुनाए।त्यसबेला उनी १७ वर्षकी थिइन्। उनी आफ्नो प्यारी साथीको घरमा गएकी थिइन्। त्यो साथीले पनि एलेनले जस्तै येशूलाई प्रेम गर्थी। उनको साथीका घरमा पाँच जना महिलाहरू भेला भएका थिए। तिनीहरू बिहानै प्रार्थनाको निम्ति जम्मा भएका थिए।

त्यसैबेला उनी अचानक दिव्यदर्शनमा परिन्। उनको वरिपरि उज्यालो भएको अनुभव गरिन् र उनी माथिमाथि उचालिएको अनुभव गरिन्। उनले आफ्नो साथमा चर्चका कोही साथीहरू पनि आएको छ कि भनेर हेरिन्। तर त्यहाँ कोही पनि थिएन। तब स्वर्गदूतले उनलाई भने, "अलि माथि हेर त!"

उनले माथि आँखा उचालेर हेरिन्। उनले सिधा र साँगुरो बाटो पृथ्वीबाट सिधै माथि गइरहेको देखिन्। त्यहाँ एडेभन्टिस्टहरू स्वर्गको सहरमा गइरहेको उनले देखिन्। तलदेखि माथी एकदम उज्यालो ज्योति उनले देखिन्। त्यो ज्योति त्यस बाटोको वरिपरि फैलिएको थियो। त्यहाँबाट कोही पनि चिप्लेर नखसोस् भनेर त्यो उज्यालो ज्योति थियो। त्यसबेला उनले येशूको दोस्रो आगमनको बारेमा विशेष सन्देश पाएकी थिइन्। त्यो सन्देश १८४४ को निम्ति थियो।

उनले आफ्नो दिव्यदर्शनमा मानिसहरूलाई येशूले अगाडि डोऱ्याइरहनुभएको देखिन्। तिनीहरूका आँखाहरू येशूतिरै थियो, तिनीहरू सुरक्षित नै थिए। कतिले गुनासो गर्दै भने, "स्वर्गको सहरमा जाने बाटो कति टाढा रहेछ।" तर येशूले आफ्नो हात उचाल्नुहुन्थ्यो। त्यसबेला मानिसहरमाथि चम्किलो ज्योति चम्किन्थ्यो। त्यसले तिनीहरूको मन हलुको भएको थियो। तिनीहरू खुशीले "हल्लेलुया," भनेर चिच्याउँथे।

तर तिनीहरूमा कतिले आफ्नो वरिपरिरहेको उज्यालो साँच्चिकै होइन भनेर शङ्का गर्न थाले। अनि त्यो उज्यालो निभ्यो। तिनीहरूले येशूलाई हेर्न पाएनन्। तब तिनीहरूको वरिपरि अंध्यारो भयो। तिनीहरू तल

खराब संसारमा खस्यो।

अनि त्यसै समयमा, येशू यस संसारमा आउनुहुनेछ भनेर परमेश्वरले ती मानिसहरूलाई सुनाउनुभयो। उहाँले तिनीहरूलाई पवित्र आत्मा पनि दिनुभयो। परमेश्वरको आत्मा वा उहाँको मिजास ती मानिसहरूमा भएपछि तिनीहरूका अनुहारहरू आनन्दले चम्किएको थियो। तिनीहरूका निधारहरूमा एउटा नाउँ लेखिएको थियो। त्यो नाउँ त खाममा राखेको ठेगानमा जस्तै थियो। त्यस नामले तिनीहरू स्वर्ग जानेछ भन्ने स्वर्गको ठेगाना जस्तै थियो। त्यस नामले तिनीहरू येशूका हुन् भनेर पनि देखाएको थियो।

अनि जब येशू आउनुहुन्छ तब त्यसबेला यस संसारको बारेमा उनलाई देखाइएको थियो। येशू आउनुभन्दा अघि उहाँलाई मननपराउने र माया नगर्ने मानिसहरूले उहाँलाई माया गर्ने उहाँका मानिसहरूलाई झ्यालखानामा राख्न जुरमुराएको उनले देखिन्। तर तिनीहरूले येशूका मानिसहरूलाई चोटपटक गर्न सकेका थिएन।

अनि तिनीहरूले मानिसको मुठ्ठी जत्रो सानो कालो बादल आकाशबाट आइरहेको तिनीहरूले देखे। तिनीहरूलाई थाहा थियो कि त्यो सानो बादल येशू हो र उहाँ तिनीहरूलाई घर लान आइरहनुभएको छ। जब

त्यो बादल नजिक नजिक आयो तब त्यो चहकिलो र चकमक हुन थाल्यो। त्यसमाथि इन्द्रेनी थियो। इन्द्रेनीले हामीलाई परमेश्वरको प्रेमको बारेमा बताउँछ र हामीलाई उहाँले दिनुभएको प्रतिज्ञालाई याद दिलाउँछ।

स्वर्गदूतहरूले मिठो स्वरले गीत गाइरहेका थिए। त्यस बादलमा येशू हुनुहुन्थ्यो। उहाँको एउटा हातमा हँसिया थियो र अर्को हातमा तुरही बाजा थियो। उहाँले मानिसहरूलाई हेर्नुभयो। तब तिनीहरू डरले थरथर काम्न थाले। तिनीहरूका मनहरूमा अझै पाप थियो कि भनेर तिनीहरू डराएका थिए। स्वर्गदूतहरू गीत गाउन छोडे। एक क्षणको निम्ति सबै सुनसान भएको थियो।

तब येशूले तिनीहरूलाई भन्नुभयो, "नडराउ, तिमीहरूलाई मेरो अनुग्रह भएपुग्छ!"

सबै जना खुशी थिए। स्वर्गदूतहरूले फेरि गीत गाए। अनि येशूले तुरही बजाउनुभयो। उहाँलाई प्रेम गर्ने सबै मानिसहरू मरेकोबाट बिउँत भनेर बोलाउनुभयो। अनि सबै मानिसहरू येशूलाई भेट्न बादलमा गए। तिनीहरू येशूसँगै स्वर्गमा गए।

स्वर्गमा तिनीहरूलाई तारहरू जडिएको हार्प बाजा दिनुभयो। गीत गाउन बाजाहरू तिनीहरूका हातहरूमा

राखी दिएका थिए। तिनीहरूका शिरहरूमा चम्किलो मुकुटहरू पनि येशूले राखीदिनुभएको थियो। तिनीहरूले जीवनको रूख र जीवनको नदी देखे। तिनीहरू धेरै खुशी भए। तिनीहरूले हार्प लिएर बजाउन थाले र येशूको निम्ति उहाँको स्तुती भजनहरू गाउन थाले।

जब दिव्यदर्शन सकियो, एलेन फेरि पहिलाको जस्तै भइन्। तब उनी सुँक्क सुँक्क गर्दै भनिन्, "ओहो, मलाई पृथ्वी त कस्तो अँध्यारो जस्तै लागिरहेको छ!"

भाइबहिनीहरू हो, म पनि मेरो हृदय येशूलाई दिन चाहन्छु। म पनि येशू हुनुभएको स्वर्गमा जान चाहन्छु। के तिमीहरू पनि चाहन्छौ त?

# अध्याय ७

# सानी बालिका र छाता

१८४० को मार्च महिनामा येशूको बारेमा सुनाउँदै एल्डर विलियम मिलर अमेरिकाको मिशगन राज्यको पोर्टल्याण्ड भन्ने सहरमा आए। त्यसबेला त्यहाँ उनले येशूको दोस्रो आगमनको बारेमा शिकाएका थिए। एलेन र उनका दाजु पनि विलियम मिलरले सिकाएको ठाउँमा गए। त्यसबेला तिनीहरू सानै थिए।

येशू छिटै आउनुहुँदैछ, त्यसकारण उहाँलाई भेट्न तयार हुनुपर्छ भनेर मानिसहरूलाई एल्डर मिलरले सुनाउँदै थिए। (अहिले पनि मानिसहरूलाई त्यही खबर सुनाउँदैछौँ र सुनाइन रहनुपर्छ)। एलेनले उनको हृदय येशूलाई दिन चाहन्थीन तर येशूले लिनुहुन्न भेर उनी डराएकी थिइन्। अनि उनलाई बाइबलमा लेखिएको रानी एस्थरको वचनको याद आयो। उनले भनेकी थिइन्, "म राजाकहाँ जान्छु। म मर्नुपर्छ भनें मरुँला।"

उनले प्रभुसँग प्रार्थना गरिन्। उनलाई थाहा थियो

कि उनका पापहरू वा नराम्रो बानीहरू उहाँले क्षमा गर्नुभयो। तब त्यो सम्झेपछि उनी खुशी भइन्। एउटा भेलामा धेरै मानिसहरू प्रार्थना गर्दै थिए। तिनीहरूका पापहरू येशूले क्षमा दिउन् भनेर रुँदै उहाँसँग माफ मागिरहेका थिए। त्यसबेला एलेनले एउटी सानी केटी देखिन्। उनको अनुहार धेरै अँध्यारो थियो। उनलाई केही न केही भइरहेको छ भनेर एलेनले थाहा पाइन्। उनको अनुहार रातो र रुन्चे थियो। उनी त धेरै दु:खमा परिरहेको जस्तै देख्थिन्। उनलाई केही न केही गार्‍हो भइरहेको जस्तो थियो।

उनले एउटा सानो राम्रो छाता हातले समात्दै थियो। कहिलेकाहीँ त्यो छातालाई भुइँमा राख्थिन् र फेरि टिपेर बलियो गरि समात्थिन्। उनले त्यो छातालाई कहिलेकाहीँ बेसरी समात्थिन् भने कहिलेकाहीँ भुईमा छोड्थिन्। उनी छाताप्रति धेरै मोहित भएको जस्तो देखिन्थ्यो।

आखिरमा उनी रुँदै भनिन्, "हे प्रेमीलो येशू, म तपाईँलाई माया गर्न चाहन्छु र तपाईँसँग स्वर्गमा जान चाहन्छु! मेरा पापहरू लैजानुहोस्! म तपाईँलाई मेरो जीवन दिन्छु, यो छाता र सबै थोक तपाईँकै हो।" अनि उनले आफूलाई आमाको काखमा रुँदै आइन् र खुशी भएर भनिन्न, 'आमा, म धेरै खुशी छु, किनभने येशूले मलाई प्रेम गर्नुहुन्छ र म पनि उहाँलाई माया गर्छु।

उहाँलाई यो छाता र अरू सबै थोकभन्दा धेरै प्रेम गर्छु!’

त्यस सानी केटीको अनुहार हँसिलो भएको थियो। उनले येशूलाई सबै थोक सुम्पनु भएको थियो। उनी सानी नै भएपनि उनले आफूसँग लडाइँ लडिन र जितिन्। त्यसबेला त्यो भेलामा कति मानिसहरू रुँदै खुशी मनाएका थिए। त्यो भेला ठूलो पाल मुनि भएको थियो। आमा भित्रीहृदयदेखी खुशी भइन्। उनको प्यारी छोरीलाई पनि येशूले सानो पाठोलाई माया गरेर आफ्नी बगालमा राख्नुभएकोमा उनलाई अत्यन्तै आनन्द लागेको थियो। केही समय अघि आफ्नी छोरीले त्यो छाता उपहारको रूपमा कसैले दिएका थिए भनेर त्यहाँ भेला भएका मानिसहरूलाई उनकी आमाले सुनाइन्। त्यस छातालाई उनले यस्तो मन पराउँथिन् कि उनले जहिले पनि आफ्नो हातमा बोकिरहन्थिन्। सुत्ने बेलामा पनि त्यो छाता लिएर सुत्थिन् रे!

जब भेलामा येशूको बारेमा सुन्दै थिइन्, त्यस केटीको कोमल हृदय येशूलाई पाउन हलचल गरिरहेको थियो। उनले सुनिन् कि येशूबाट कुनै कुरो पनि आफूले लुकाउनु हुन्न। उनले आफ्नो सबै थोक येशूलाई दिनुपर्छ भनेर भेलामा सुन्दै थिइन्। येशूबाट केही कुरो आफूले लुकाएर राखे वा समाती राखे उहाँले मन पराउनुहुन्न भन्ने वचन उनले सुनिरहेकी थिइन्। त्यो सानो छाता उनको निम्ति

यस संसारको धेरै प्यारो थोक थियो। उनको हृदय त्यही छातामा हुन्थ्यो। त्यो छाता प्रभुलाई दिन उनलाई साह्रै गाह्रो भएको थियो। उनी त ठूला इसाई मानिसले भन्दा दु:खबाट पार भएको जस्तो लागेको थियो । येशूलाई माया गर्ने कतिपय मानिसहरूले उहाँको निम्ति घर, जागिर र सम्पत्ति छोडेका थिए र छोडि पनि रहेकाछन्। येशूलाई हामी माया गर्छौं भने हाम्रो सबै थोक भन्दा धेरै माया उहाँलाई गर्नुपर्छ।

पछि त्यस केटीलाई कसैले सम्झाएकी उनले त्यो छाता येशूलाई दिएकोले उनी र येशूप्रति उनको प्रेमले गर्दा अब त्यो छाता बीचमा आउँदैन, त्यसकारण त्यो छातालाई उनले राम्रोसँग आफैले राख्न सक्छ। उनले त्यस छातालाई चाहिएको बेलामा प्रयोग गर्नुपर्छ र अरू बेलामा थन्क्याएर राख्नु पर्छ भनेर सम्झाए।

एलेनले भनिन्, "त्यो केटीको बारेमा मलाई धेरै याद आइरहन्छ। कतिपय मानिसहरू यस संसारका गायब हुने धनसम्पत्ति र रमझमहरूलाई समाती राख्छन् वा त्यसैमा आफ्नो जीवन दिन्छन्, तैपनि तिनीहरूले येशूको प्रेमको निम्ति प्रार्थना त गर्ला। म सम्झन्छु, 'आफूलाई मन पर्ने छाता त्याग्न कस्तो गार्हो छ। तैपनि येशूले हाम्रो निम्ति सबै थोक त्याग्नुभयो। उहाँ हाम्रो निम्ति गरिब हुनुभयो। उहाँ गरिब र आफू ठूलो हुन नखोजेकोले सबैले

हेपे। उहाँ आफूलाई हेपेको सहनुभयो र कसैलाई पनि दबाउनु भएन। यदि हामी उहाँको मिजास  वा स्वभावमा चल्यौँ भने हामी अनन्त समयसम्म धनी हुनेछौँ।"

हामीसँग जे छ त्यो उहाँकै हो भनेर हामीले पनि दिन सकौँ, हुन्न त?

# अध्याय ८

## येशूको निम्ति कानेखुशी गर्नु

एलेन हार्मनलाई निराश पार्न सैतानले धेरै धेरै प्रयास गरेको थियो। उनलाई येशूले दिनु भएको खबरहरू अरूहरूलाई नसुनाउन सैतानले उनलाई कानेखुशी गर्दथ्यो भने अरू कुनै किसिमले उनलाई बाधा दिइरहन्थ्यो। एलेन येशूको बारेमा सुनाउँदा धेरैले उहाँलाई विश्वास गर्नेछन् भनेर सैतानलाई थाहा थियो। त्यसैकारण, एलेनले येशूको बारेमा कसैलाई नसुनाओस् भन्ने सैतान चाहन्थ्यो।

तर एलेनले येशूलाई माया गर्थी र उनीमाथि भरोसा राख्थिन्। उनलाई भनेको काम गर्न येशूले बल दिउन् भनेर उनले प्रार्थना गर्दथिन्। उनी अझै कमजोर केटी थिइन् तर उनले जे गर्नुपर्ने हो सो गर्न येशूले जहिले पनि बल दिनुहुन्थ्यो।

एक फेरी एलेनको घाँटी दुखेको थियो। धेरै दिनसम्म उनको घाँटी दुखिरहेको थियो। उनको घाँटी यस्तो दुखेको थियो कि उनी ठूलो स्वरले बोल्न पनि सक्दैनथी। उनी

केवल कानेखुसीमात्र गर्न सक्दथी। अब येशूले दिनुभएको खबर अरूहरूलाई कसरी सुनाउने?

केही समयपछि नै येशूको बारेमा सुन्न एउटा कोठामा मानिसहरू भेला भए। एलेन पनि गइन्। मानिसहरूले उनलाई बोल्न अनुरोध गरे। येशूले उनलाई सहायता गर्नुहुनेछ भने उनले विश्वास गरिन्। त्यसकारण उनले बिस्तारै सानो स्वरले बोल्न थालिन्। अनि पाँच मिनेट पछि उनको घाँटी सफा भयो। उनले स्पष्टसँग सबैले सुन्न सक्ने गरेर बोल्न थालिन्।

ती दिनहरूमा माइक्रोफोनहरू थिएन। जब भेलामा कसैले बोल्नुपर्‍यो भने स्पष्ट र ठूलो स्वरले बोल्नुपर्थ्यो। एलेनलाई येशूले सहयोग गर्नुभयो र सबै मानिसले सुन्ने गरेर उनले बोल्न सक्ने भएकी थिइन्।

उनको घाँटी दु:खेन र बोल्दा स्वर पनि बसेन। उनले झण्डै दुई घन्टासम्म मानिसहरूलाई सम्बोधन गरिन्। उनबाट येशूको बारेमा सुन्न मानिसहरू धेरै खुशी भएका थिए। अब उनी एलेन हार्मन ठूली भइसकेकी थिइन्। उनी धेरै ठाउँहरूमा यात्रा गरेर मानिसहरूलाई प्रभुको वचन सुनाइन्। ती ठाउँहरूमा जादा एक ठाउँमा उनले एक जना पास्टरलाई भेटिन्। उनको नाउँ जेम्स ह्वाइट थियो। येशूलाई थाहा थियो कि उनलाई उनको हेरचाह

गर्न र उनीसँग काम गर्न असल श्रीमानको आवश्यकता छ। एल्डर ह्वाइटले येशूलाई माया गर्थे। उनले पनि एलेनको जस्तै काम गर्दथे। पछि एलेन उनकी श्रीमती भइन्। एलेन जी ह्वाइट मानिसहरूले उनलाई एलेन हार्मन भन्न छोडे। तिनीहरूले उनलाई श्रीमती ह्वाइट भन्न थाले। एल्डर ह्वाइट र श्रीमती ह्वाइट सँगसँगै मिलेर काम गर्न थाले। तिनीहरू एक ठाउँबाट अर्को ठाउँमा प्रचार गर्दै र सिकाउँदै यात्रा गरे।

म भाइबहिनीहरूलाई एउटा गजबको गोप्य कुरा भन्छु ल! बाइबलको समयमा अगमवक्ता अर्थात् परमेश्वरको निम्ति बोल्नेहरूको नाउँको केही न केही अर्थ हुन्थ्यो। तिनीहरूको नाउँहरूले तिनीहरूका काम के थिए सो थाहा हुन्थ्यो। एलेनको नाउँको पनि अर्थ थियो:

- एलेनको अर्थ "चम्किला आँखाहरू" वा "ज्योति;"
- उनको बीचको नाउँ गुड थियो। त्यसको अर्थ सुन हो;
- हार्मनको अर्थ तालमेल वा शान्ति;
- वा पुरानो अङ्ग्रेजी भाषामा "येशूभक्त सैनिक।"
- ह्वाइटको अर्थ सेतो नै हो।

बाइबलमा एउटा पद छ। त्यसमा येशूले उहाँबाट सुन

किन भन्नुभएको थियो। सेतो वस्त्र र आँखामा लाउने गाजल जसले हामीलाई चम्किला आँखाहरू दिन्छन्। यदि हामीसँग उहाँको सुन, सेतो लुगा र गाजल किन्न सक्यो भने हाम्रो हृदयमा शान्ति हुनेछ।

# अध्याय ९

## घोडाले आफ्नो टाउको झुकाउँछ

एक दिन एल्डर ह्वाइट र उनी श्रीमती एलेन जी ह्वाइट घोडाले तान्ने बग्गीमा चढेर जान्दै थिए। जोसेफ बेट्स नाउँ गरेको पास्टर पनि उनीहरूको साथमा थिए। एल्डर ह्वाइटले घोडाको लगाम समातेर घोडालाई हिँड्न अर्‌हाउँदै थिए। त्यो घोडाले भर्खरको थियो। त्यो चञ्चले थियो। एल्डर ह्वाइटले त्यसको लगाम राम्रोसँग कसिएर समात्नु पर्थ्यो नत्र त्यो घोडालाई हिँडाउन गाऱ्हो थियो।



यदि डोरीले घोडालाई छोयो कि त्यो घोडा रिसले लाट हान्थ्यो। यदि डोरिलाई बलियोगरि समातेन भने त्यो घोडा फुत्केर भाग्थ्यो। यस भन्दा अघि उसले गरेर दुई जना मानिस मारिएको थियो। त्यसकारण एल्डर ह्वाइटले बढो होशियार भएर घोडालाई हिँडाउन खोजेका थिए।

अचानक श्रीमती एलेन ह्वाइट चिच्याइन्: "महिमा!" अनि त्यो घोडा त टक्क रोक्यो र आफ्नो टाउको निहुर्‍यायो। श्रीमती ह्वाइटले दिव्यदर्शन देख्दै थिइन्। उनी बग्गीबाट तल ओर्लिन्।

एल्डर बेटस् चिच्याए: "यदि उनले उनको हात घोडामाथि राखिन् भने त्यसले उनलाई लात्तीले हानेर मार्नेछ!" तर घोडाले उनलाई लात्ती हानेन। घोडा त चुपचाप उभेर टाउको निहुराउँदै थियो। श्रीमती ह्वाइट बाटोको पेटीमा तलमाथि गरिन्। येशूले उनीसँग कुरा गर्दै थिइन्। त्यसबेला त्यो घोडा बुढो घोडा जस्तै चुपचाप उभिएर बस्यो।

श्रीमान एल्डर ह्वाइटले भने: "यो घोडा तालिम पाएको हो कि होइन म जाँच्छु।" उनले घोडालाई समातेको डोरी अलकति खुकुलो पारे र घोडालाई अलिकती हाने। घोडाले लात हानेन। अनि डोरीले घोडालाई बेसरी हाने।

तर घोडा अघि बढेन न त भाग्न नै खोज्यो।

श्रीमती ह्वाइट बग्गीमा फेरि चढिन्। उनले आफ्नो हात घोडामा राखिन्। घोडा चलेन। त्यसको टाउको अझै निहुरिएको थियो।

जब श्रीमती ह्वाइट बग्गीमा थचक्क बसिन् तब त्यसबेला उनको दिव्यदर्शन सकिएको थियो। अनि एल्डर ह्वाइटले केही नभनिकन घोडा अघि बढ्न थाल्यो। अब त्यसलाई नियन्त्रण गर्न फेरि गार्‍हो भयो। एल्डर ह्वाइटले डोरीलाई बेस्सरी समात्नु परेको थियो।

जुन स्वर्गदूतहरूले दानिएलको निम्ती सिँहका मुखहरू बन्द गरेका थिए, तिनीहरूले घोडालाई पनि बशमा राखेका थिए। उहाँको अगमबक्तालाई येशूले दिव्यदर्शन दिइरहनुभएको बेलामा घोडालाई चुपचाप राखिएको थियो।

# अध्याय १०

## रेल दुर्घट्ना

एक दिन एल्डर र श्रीमती ह्वाइट लामो यात्राको निम्ति तयार गर्दै थिए। तिनीहरू अर्कै टाढा सहरमा सुसमाचार प्रचार गर्न  थिए। यसबेला तिनीहरू रेलबाट जाँदै थिए।






उनीहरूले आफ्ना सुटकेसहरू भरे। तिनीहरूले एउटा ठूलो बाकसमा किताबहरू पनि भरे। अब रेल स्टेशनमा जाने बेला भइसकेको थियो।

तिनीहरू रेल चढ्ने ठाउँमा जानु अघि परमेश्वरको आराधना गरेका थिए। परमेश्वरले तिनीहरूको यात्रालाई सुरक्षित राख्न स्वर्गदूतहरू पठाइयोस भनेर तिनीहरूले प्रार्थना गरे। त्यस रात तिनीहरू रेलमा चढे। तिनीहरू रेलको एउटा डिब्बामा चढे। त्यहाँ बस्नै ठाउँहरूमा अढेस लाग्न ठूलो ठाउँहरू थियो।


तिनीहरू त्यहाँ त बसे तर अलकिति असजिलो भएको जस्तो तिनीहरूलाई लाग्यो। त्यस डिब्बामा यात्रा



गर्नु असुरक्षा जस्तो लाग्यो। श्रीमती ह्वाइटले भनिन्: "यो डिब्बामा बसेर यात्रा गर्नु ठिक छैन।" तिनीहरू त्यहाँबाट ओर्लेर रेलको अन्तिम डिब्बामा गएर बसे। रेल चल्यो। जब श्रीमान र श्रीमती ह्वाइट रेलको अन्तिम डिब्बामा चढेपछि तिनीहरू ढुक्क भएका थियो।

रेल चलेर तीन माइल वा ७ किलोमिटर जतिमात्र जाँदै थियो, अचानक रेल हल्लिन्दै अगाडि पछाडी सर्‍यो। अनि त्यो रेलको इन्जिन आफ्नो लिगबाट बाहिर निस्क्यो र दुर्घटनामा भयो। दुई डिब्बाहरू टुक्रा भएका थिए।

जुब मेचमा पहिला एल्डर र श्रीमती ह्वाइट बसेकी थिइन् त्यो चक्नाचुर भएको थियो। रेलका सबै डिब्बाहरू लिगबाट खसेको थियो। तर अन्तिम डिब्बा केही पनि



भएन। त्यो डिब्बामा एल्डर र श्रीमती ह्वाइट चढिरहेका थिए। त्यो डिब्बाचाहीँ लिगमै थियो।

अनि त्यो अन्तिम डिब्बाका सबै मानिसहरू हतारहतारमा बाहिर निस्के। तिनीहरूले दुर्घट्नाग्रस्त भएको रेल हेरे। मानिसहरू रोएको र कराएको तिनीहरूले देखे। कति मानिसहरू मरेका थिए। चोत लागेका मानिसहरू चिच्याएको तिनीहरूले देखे। इन्जिन लिगबाट खसिरहेको तिनीहरूले देखे।

सरसामान राख्ने डिब्बा पनि लिगबाट झरेको थियो। तर त्यो बिग्रिएको थिएन। त्यहाँ राखिएको बाकसमा भएका पुस्तकहरू सुरक्षित नै थियो। दुर्घट्ना भएको रेल हेर्न धेरै मानिसहरू जम्मा भएका थिए।

तिनीहरूले इन्जिन र टुक्रा टुक्रा भएका डिब्बाहरू हेरे। अन्तिम डिब्बा लिगमै ठहरिएको तिनीहरूले देखे। "यो कसरी हुन सक्छ र? मानिसहरू चकित भएर सोध्न थाले। "त्यो डिब्बा त अरू डिब्बाहरूसँग सिक्री र पेचकिलाले जोडिएको थियो।" तिनीहरूले डिब्बालाई हेरे। त्यहाँ त सिक्री र पेचकिला कसैले अगाडिको डिब्बाबाट राम्रोसँग निकालेर राखेको जस्तो देखिएको थियो।

"यो कसरी हुन सक्छ र"?" त्यो सिक्री र पेचकिला जोड्ने मानिसले अचम्म मानेर सोधे? "मैले त्यो फुत्काएको थिइनँ। रेल दुर्घट्ना भएको बेलामा त्यहाँ कोही पनि थिएन!" तब एल्डर र श्रीमती ह्वाइटले भनिन्: "स्वर्गदूतले नै त्यो डिब्बा फुत्काउनु भएको होला।" तिनीहरूलाई सुरक्षित राखेकोमा तिनीहरूले परमेश्वरलाई धन्यवाद दिए।

# अध्याय ११

## समुद्रमा आएको आँधीमा सुरक्षा

एल्डर र श्रीमती ह्वाइटले मानिसहरूको सामु येशूले दिनुभएको खबर पुऱ्याउन धेरै मेहनत गरेका थिए। तिनीहरू सयौँ माइल वा किलोमिटरको यात्रा गर्नुपरेको थियो। तिनीहरू एक चर्चबाट अर्को चर्चमा जान्थे। कति



समय तिनीहरू घोडा र बयल गाडामा चढेर यात्रा गर्दथे। त्यसबेला त कुनै मोटरहरूको आविश्कार नै गरेको थिएन। धेरै जसो तिनीहरूले रेलबाट लामो यात्रा गर्दथे। कहिलेकाहिँ तिनीहरू समुद्रमा डुङ्गाबाट यात्रा गर्दथे।

एक फेरा जब तिनीहरू डुङ्गा यात्रा गर्दै थिए तब ठूलो हुरी बतास आयो। हावाले समुद्रका छालहरू उठाउँथे। ठूलो हुरी बतासले डुङ्गालाई यता र उती हल्लाउन थाल्यो। मानिसहरू धेरै डराए र हामीहरुलाइ बचाउन होस भनेर परमेश्वरसँग प्रार्थना गरे।

डुङ्गा धेरै ढलपल भयो। छालहरूले डुङ्गाका झ्यालहरूमा हाने। मानिसहरू धेरै ठूलो खतरामा थिए। तिनीहरू चिच्याउन थाले, "डुङ्गा डुब्छ। हामी सबै जना मर्नेछौँ। हामी किनारमा कहिल्यै पनि पुग्न सक्दैनौँ।" कति त ँ ह्वाँह्वाँ गरेर रुन पनि थाले।

एक जना महिलाले सबैले सुन्ने गरेर चिच्याए, "हे प्रभु परमेश्वर, तपाईँले यस मृत्युबाट बचाउनुभयो भने म जिन्दगीभर तपाइको सेवा गर्नेछु!"

अरूहरू घुँडा टेकेर "हे परमेश्वर हामीलाई बचाउनुहोस्!" भनेर प्रार्थना गरे। डुङ्गा धेरै यताउति हल्लिरहेको थियो। एकजना महिलाले श्रीमती ह्वाइटलाई सोधिन्, "हैन, के तपाईँ डराउनुभएको छैन? हामी किनारमा कहिल्यै पनि

पुग्दैनौं भनेर के तपाईंलाई थाहा छैन?"

श्रीमती ह्वाइटले जवाफ दिइन्, "म डराउँदिन। यो हुरीबतासको बारेमा परमेश्वरलाई थाहा छ। जे धेरै राम्रो छ सो उहाँलाई थाहा छ। उहाँले हामीलाई किनारमा सुरक्षितपूर्वक ल्याउनुहुनेछ।" उनले डुङ्गामा रहेका अरू महिलाहरूलाई सान्त्वना दिन थालिन्। परमेश्वरले त्यस डुङ्गालाई सुरक्षितपूर्वक समुद्रको किनारामा ल्याउनुभयो। मानिसहरू धेरै खुशी भए र आभारित भए। डुङ्गाको चालक क्याप्टेन पनि खुशी भए। एल्डर र श्रीमती ह्वाइटले परमेश्वरलाई धन्यवाद दिए।

जब तिनीहरू डुङ्गाबाट तल ओर्ले तब एक जना महिला ठट्टा गरेको जस्तै गरेर चिच्याइन्, "परमेश्वरको महिमा होस्! म जमिनमा फेरि पाइल टेक्न पाएँ!"

त्यो महिला  त्यही थिइन् जसले किरिया खाएकी थिइन्। श्रीमती ह्वाइटले उनलाई याद गराइन्, "तपाईंले खानु भएको किरिया सम्झनुहोस्!" तर त्यस महिला फनक्क मुख फर्काएर केही पनि नभनी गइन्। यो कस्तो दुःखलाग्दो थियो।

# अध्याय १२

## यात्रा गर्दै र लेख्दै

धेरै वर्षसम्म एल्डर र श्रीमती ह्वाइट एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्दथे। प्रायजसो तिनीहरू थाक्थे। तैपनि तिनीहरूले मानिसहरूलाई प्रभुको बारेमा सुनाइरहे। तिनीहरूले मानिसहरूलाई धेरै तरिकाले सहयोग गर्दथे।



तिनीहरूले येशूलाई माया गर्न सिकाए।

मानिसहरूलाई सुनाउन येशूले श्रीमती ह्वाइटलाई धेरै सन्देशहरू दिनुभएको थियो। उनले लेखेका पुस्तकहरूमा येशूले सुनाउन चाहनुभएको धेरै सन्देशहरू छन्। उनले धेरै किताबहरू लेखेकी छिन्।

श्रीमती ह्वाइटले बालबालिकाहरूलाई मन पराउँथिन्। जब उनी सुसमाचार भेलामा र चर्चमा आउँथिन्, तब बालबालिकाहरू धेरै खुशी हुन्थे। उनी धेरै जसो तिनीहरूको घरमा पनि जान्थिन्।

येशूसँग भेटेको कुरा जब श्रीमती ह्वाइटले बालबालिकाहरूलाई सुनाउँथिन् तब तिनीहरू धेरै खुशी हुन्थे। उनी येशूकहाँ भेटेको कुरा सुन्न तिनीहरू धेरै मन पराउँथे। उनले नयाँ पृथ्वीको बारेमा भनेको तिनीहरूले सुन्न चाहन्थे। उनले भनिन्, "स्वर्ग धेरै रमाइलो ठाउँ हो। त्यहाँ येशू मुस्कुराउनुभएको हामी हेर्न पाउनेछौं। जब उहाँ आउनु हुन्छ तब तिमीरू पनि उहाँसँग स्वर्गमा जान तयार हुनुपर्छ ल!"


# अध्याय १३


## अन्धकार रात

"आमा कति बज्यो?" खेलिरहेको बेलामा दगुर्दै जब बेनले घरमा आएर आमालाई सोध्यो।

"अहिले त बिहानको केवल दश मात्र बज्यो," आमाले मुस्कुर्‍याएर जवाफ दिइन्।

"आमा, अनि यसो बिहानै किन अंध्यारो भयो त?"






"नडराउ, बेन। ल तिम्रो बाबु आउनुभयो, उनलाई सोधौँ," आमाले छोरालाई सुमसुम्याउँदै भनिन्।

"हैन, यो के अचम्म भयो," बारीमा काम गरिरहेको बाबुले ढोका खोल्दै भित्र पस्दै भने।

"एक बिहानै अंध्यारो भइरहेको छ। गाई बस्तुहरू आ-आफ्नै गोठमा फर्किरहेका छन्। कुखुराहरू आफ्नै खोरमा फर्किरहेकाछन्। यो त रात भयो भनेर ती बस्तुहरूले सोचिरहेकाछन्," चकित हुँदै बाबुले तिनीहरूलाई सुनाए।



आमाले मैन बत्ती बालिन्। भित्र र बाहिर एकदम अंध्यारो भइरहेको थियो। बेन डराएर रुन थाल्यो।

"नडराउ, बाबु। तर यसको अर्थ के हो?" आफ्नो श्रीमानलाई उनले सोधिन्।

बुबाले सोच्दै भने, "ओ, अब मलाई याद आयो! येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो कि उहाँ यस पृथ्वीमा फर्किनुभन्दा पहिले संसार अंध्यारो हुनेछ। हामी अब अन्तिम दिनहरूमा छौँ होला।"



यस्तो अंध्यारो थियो कि बेनले बाहिर गएर खेल्न पनि सकेन। बुबाले पनि बारीमा काम गर्न सकेन।

ती दिनहरूमा बिजुली बत्ती थिएन। त्यसबेलाका मानिसहरू कि तेलको टुकी बाल्थे कि त मैन बत्ती। बुबाले मैन बत्ती बालेर बाइबल पढ्न थाले।

बेलुका सुत्ने बेला भएपछि बेनलाई ओछ्यानमा सुताइन्। तर बेन सुत्न सकेन। सुत्ने बेलामा बाहिर जुन हेर्दा त्यो रगत जस्तो रातो भएको थियो।

बेनले नसुतुन्जेल त्यो जुन हेरिरह्यो भोलिपल्ट बिहान फेरि पहिलेको जस्तै उज्यालो भएको र घाम आएकोले बेन खुशी भयो। धेरै वर्ष बित्यो। बेन अब बुढो भयो। बेन त हजुरबा पो हुन पुगे। एडवार्ड र नेली

उनका नाती र नातीना थिए। हजुरबा बेनले तिनीहरूलाई कथा भन्थे। तिनीहरू धेरै रमाइलो मान्थे। हजुरबा सानो हुँदा के के भयो सो तिनीहरूले सुन्न धेरै मन पराउँथे। हजुरबाले तिनीहरूलाई धेरै कथाहरू भन्थे।

एक दिन उनले दिनमै रात भएको कथा तिनीहरूलाई सुनाए, अनि रातमा पनि जुन अंध्यारो भएको थियो भनेर सुनाए। "ती सबै चिन्हहरूले येशू फर्कन्दै हुनुहुन्छ," भनेर उनले आफ्ना नाती र नातीनालाई सुनाए। तिनीहरूले कथा धेरै रमाइलो मानेर सुन्दथे। उनले जोशिलो भएर कथा सुनाउँथे। त्यसले गर्दा तिनीहरूका हजुरबा सानो



भएको बेलमा उनलाई देखेको जस्तै हुन्थ्यो। जब कथाको समय सकियो, तब आमाले एडवार्ड र नेलीलाई सुताउन कोठामा पठाइन्। हजुरबा पनि सुत्न गए।

राती हजुरबा अचानक जन्याकजुरुक उठे। उनले आफ्ना छोरा, बुहारी, एडवार्ड र नेलीलाई हत्तपत्त बोलाए, "हे, सबै जना उठ त, के भइरहेको छ हेर! हेर ताराहरू! तिनीहरू आकाशबाट तल खसी रहेका छन्! राती नै दिउँसो जस्तो भइरहेको छ! सबै जना दगुरेर घरबाट बाहिर गए। तिनीहरूले ताराहरू वा उल्काहरू वर्षाको पानी जस्तै आकाशबाट खसिरहेको देखे। एडवार्ड र नेली डराए।नेली आफ्नी आमासङ्गै टाँसिएर उभिन्। एडवार्ड आफ्नो बाबुसँग उभ्यो।

धेरै मानिसहरू डरले थरथर कामेर "अब के भयो" भनेर रोइरहेका थिए। अब संसारको अन्त भयो भनेर तिनीहरू डराइरहेका थिए। तर हजुरबाको अनुहार त उज्यालो थियो। "यो त अर्को चिन्ह हो। यसले येशू छिटै आउनुहुन्छ भनेर देखाउँछ," उनले आफ्नो परिवारलाई सुनाए।

जब बिहान भयो र घाम लाग्यो, तब ताराहरू खसेको देख्न सकेको थिएन।एडवार्ड र नेली बाहिर गएर आफ्ना साथीहरूसँग फेरि रमाएर खेले। तिनीहरूले एक

आपसमा राती ताराहरू खसेको कुरा गरे।

तिनीहरूले आफ्ना साथीहरूलाई दिउँसै अंध्यारो भएको र राती जुन रगत जस्तो भएको कथा पनि सुनाए। येशू छिटै आउनु हुनेछ भनेर थाहा पाएर तिनीहरू खुशी थिए।

# अध्याय १४

# येशूलाई भेट्न तयारी

आकाशमा ती दुई ठूला ठूला चिन्हहरू परमेश्वरले नै पठाउनुभएको थियो। येशू आउँदै हुनुहुन्छ भनेर मानिसहरूले थाहा पाउन् भनेर ती चिन्हहरू परमेश्वरले दिनुभएको थियो।

जब ती चिन्हरू भएका थिए, तब त्यसले गर्दा जताततै मानिसहरूले सोधिरहेका थिए: "तिनीहरूको अर्थ के हो ?"


धेरै मानिसहरूले बाइबल पढ्न थाले। ती चिन्हहरूको अर्थ के हो भनेर तिनीहरूले बाइबलमा खोज्न थाले। परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुभयो। उहाँले विभिन्न देशहरूमा येशू आउँदै हुनुहुन्छ भनेर मानिसहरूलाई खबर दिन पठाउनुभयो। कतिपय देशहरूमा साना भाइ र बहिनीहरूले पनि प्रचार गर्न थाले। तिनीहरूले के सुनाउनुपर्छ येशूले तिनीहरूलाई सिकाउनुभयो। धेरै मानिसहरूले येशूलाई विश्वास गरे।



# अध्याय १७

# येशूको आगमनलाई हेर्दै

अमेरिकामा एक जना मानिस रहन्थ्यो। उनको नाउँ विलियम मिलर थियो। उनी खेती गर्ने किसान थिए। उनी धेरै घन्टासम्म बाइबल पढ्थे। जब उनले बाइबल पढ्थ्यो तब बाइबलको प्रत्येक पद राम्रोसँग पढ्थे। येशू फेरि आउँदै हुनुहुन्छ भनेर उनले बाइबलमा पढे। उनी र उनका साथीहरूले बाइबल पढे अनि धेरै कुराहरू एक आपस मिलेर सिके। येशू आउने दिन यही हो भनेर उनले बाइबल पढेर थाहा पाए। अरूहरूले पनि उहाँ आउने दिनको बारेमा थाहा पाउन सहायता गरे। येशू आउने दिन बाइबलबाट थाहा पाए र उनी र उनका साथीहरूले भने: "येशूलाई भेट्न तयार हुनुपर्छ भनेर अरूहरूलाई हामीले भन्नुपर्छ। उहाँ छिटै आउँदै हुनुहुन्छ भनेर थाहा दिनुपर्छ। हामीले पुस्तक र पत्रिकाहरू छापेर पढ्न दिनुपर्छ," भनेर जोशिलो भएर एक आपसमा भने। येशूलाई माया गर्नेहरूले उहाँ आउँदै हुनुहुन्छ भन्ने खबर सुनेपछि धेरै खुशी भए।



कति मानिसहरूले भने: "येशूलाई भेट्न हामी तयार हुनेछौँ। येशूको बारेमा सुनाउन हामीले पैसा दिनेछौँ।" कतिपय मानिसहरूले आफ्नो खेतबारी बेचे र त्यो पैसा येशूबारेमा सुनाउन प्रचार गर्न दिए।

तिनीहरूले भने: "हामीलाई अब खेत चाहिन्दैन। हामी येशूसँग घर फर्किन्दैछौँ। एक जना मानिसको आफ्नो बारीमा धेरै आलुहरू थियो। उसले भन्यो: "म आलु खन्दिन। मलाई चाहिँदैन। म येशूसँग घर जाँदैछु। त्यसकारण आलु बारीमै होस्।"

मानिसहरूले उसलाई गिज्याए र ठट्टा गरे। तिनीहरूले येशूलाई विश्वास गर्दैनथे। तिनीहरूले भने: "येशू आउँदैछन् भनेर आलु पनि नखन्नेहरू मूर्ख हुन्।"

येशूलाई माया गर्ने केटाकेटीहरू पनि थिए। तिनीहरूले आफ्ना साथीहरूलाई येशूको बारेमा सुनाए। कतिपय साथीहरूले त्यो कुरा सुने हाँसे। "तिमीहरू मूर्ख छौ," भनेर तिनीहरूले भने।

येशू आउनुहुन्छ भन्ने खुशीको दिन आयो! बाबु र आमाहरू धेरै खुशी थिए! बालबालिकाहरू पनि धेरै खुशी थिए! तिनीहरूले भने: "छिटै हामी येशूलाई हेर्न पाउनेछौं। उहाँले हामीलाई स्वर्गको घरमा लानुहुनेछ।"

तिनीहरूले आ-आफ्ना ओछ्यानहरू राम्रोसँग मिलाए। तिनीहरूले भने: "यी ओछ्यानहरूमा हामी फेरि सुत्नुपर्नेछैन।"

तिनीहरूले भुईंमा कुचो लगाए। तिनीहरूले भने: "अब हामीले फेरि कुचो लगाउनु पर्नेछैन।" सबै काम सकिसकेको थियो।

अनि तिनीहरू आकाशतिर हेरे र येशूको फिर्तिसवारीलाई हेरिरहे।

बिहान खाने समय भयो। तिनीहरू खाना खान वास्ता गरेन।

तिनीहरूले भने: "छिटै हामी जीवनको रूखबाट धेरै थरिका फलहरू खानेछौँ।" येशू आउनुहोला कि भनेर तिनीहरू दिनभरि हेरे। पश्चिमा घाम अस्ताउन थाल्यो। तर येशू आउनु भएन। येशूलाई पर्खिरहेका बाबुआमाहरू कति दु:खित भए। केटाकेटीहरू पनि धेरै दु:खित भए!

दुष्टहरूले तिनीहरूलाई जिस्क्याउँदै भन्न थाले: "हैन, तिमीहरू स्वर्गमा किन गएनौ? विलियम मिलर र अरू साथीहरू पनि धेरै दु:खित भए। तिनीहरूले भने: "हामीलाई थाहा छ येशू छिटै आउनुहुन्छ। उहाँ आउँछु भनेर धेरै वर्ष अघि भन्नुभएको थियो। हामीले यसै दिन आउँछ भनेर दिन तोक्नेमा भूल गर्‍यौँ। तैपनि हामी बाइबल पढिरहनुपर्छ। हामीले के भूल गर्‍यौँ सो हेर्नुपर्छ। हामीले येशूसँग सहायताको निम्ति प्रार्थना गर्नुपर्छ। जे भएपनि वा येशू जहिले आउनुभएपनि हाम्रा हृदयहरू उहाँलाई भेट्न जहिले पनि तयार गर्नुपर्छ।"

# अध्याय १६

# स्वर्गबाट सन्देश

येशूले उहाँका मानिसहरूलाई धेरै माया गर्नुभएको थियो। उहाँले तिनीहरूलाई बिर्सनुभएको थिएन। जब तिनीहरूले बाइबललाई ध्यान दिएर पढे तब उहाँले तिनीहरूलाई कोमल हृदयले हेर्नुभएको थियो। येशूलाई पर्खेर निराश हुनेहरूको सबै प्रार्थना उहाँले सुन्नुभएको थियो। जब तिनीहरूले बाइबल पढे त उहाँले तिनीहरूका



भूलहरू थाहा पाउन सहयोग गर्नुभएको थियो। यस पृथ्वीमा येशू आउनुहुन्छ भनेर तिनीहरूले सोचेको दिनमा विशेष काम स्वर्गमा भएको थियो भनेर उहाँले तिनीहरूलाई थाहा दिनुभयो।

प्रत्येक मानिस जो यस संसारमा जन्मिन्छ उसले के



भनेको, के गरेको, के सोचेको, अरूहरूलाई राम्रो गरेको, अरूहरूलाई हेपेको वा दवाएको कथाहरू स्वर्गदूतहरूले स्वर्गका किताबहरूमा लेखिराखेको हुन्छ।

प्रत्येक बुबा र आमाको कथा त्यहाँ हुन्छ। प्रत्येक केटा र केटीको कथा त्यहाँ हुन्छ। हामीले गरेको सबै कामहरूको बारेमा स्वर्गदूतहरूले लेखिरहेका हुन्छन्। हामीले बोलेको सबै कुराहरू तिनीहरूले लेखिरहेका हुन्छन्।

येशूले आदमको जीवन कथा हेर्नुभएको थियो।

यस संसारमा रहेका र मरेकाहरूको जीवनलाई उहाँले सबै हेरेपछि उहाँ यस पृथ्वीमा फेरि फर्किनु हुनेछ। जो असल छ, ज्ञानी छ र राम्रो काम गर्छ र उहाँलाई माया गर्छ त्यो मानिस उहाँसँग स्वर्गमा जानुहुनेछ।

यो कुरा मानिसहरूले पत्रिकामा लेखेर बाँडेका थिए। येशूलाई पर्खिनेहरूलाई त्यो पत्रिका पठाइन्थ्यो।

तिनीहरूले भने: "सबै मानिसको जीवन शुद्ध राख्नुपर्छ भनेर। येशू आउने बेलामा उहाँलाई भेट्न हामी सबै तयार हुनुपर्छ।

परमेश्वरले उहाँका मानिसहरूको निम्ति धेरै सन्देशहरू पठाउनुभएको थियो।

उहाँको लागि बोल्ने वा अगमवक्ता हुन परमेश्वरले श्रीमती एलेन जी ह्वाइटलाई चुन्नुभयो। परमेश्वरले उहाँद्वारा धेरै सन्देशहरू दिनुभएको थियो। ती सन्देशहरूले येशूको बारेमा जान्न सहायता गरेको थियो। उनले पाएका धेरै सन्देशहरू किताबहरूमा लेखिएकाछन्।

परमेश्वरको निम्ति बोल्न र लेख्न परमेश्वरले एलेन जी ह्वाइटलाई चुन्नुभएको थियो।

# अध्याय १७

## जहाजको मालिक तथा क्याप्टेनले साबथको बारेमा थाहा पाउँछन्

येशू आउँदै हुनुहुन्छ भनेर विश्वास गर्ने कतिपय मानिसहरूलाई आआफ्ना चर्चहरूबाट निकालिदिएका थिए। त्यसकारण तिनीहरूका आफ्नै धेरै चर्चहरू थिएन। तिनीहरू प्रायजसो घरहरूमा नै चर्च हुन्थ्यो। तिनीहरूले आइतबारको दिन परमेश्वरको आराधना गर्थे।




जोसेफ बेट्सको बाल्यकालिन घर



जोसेफ बेट्स

एक दिन श्रीमती प्रेस्टन भन्ने महिला एउटा घरेलु चर्चमा गइन्। उनलाई सत्य वा सकलि साबथ आइतबार होइन हप्ताको सातौँ दिन शनिबार भनेर थाहा थियो। उनले लामो समयदेखि आइतबार चर्चमा नगएर शनिबार वा साबथ दिनमा आराधना गर्थिन्। त्यस घरेलु चर्चमा जम्मा भएका येशूलाई माया गर्ने विश्वासीहरूलाई बाइबलबाट परमेश्वरको पवित्र दिन कुन हो भनेर सिकाइन्। तिनीहरू धेरै खुशी भए। धेरै मानिसहरूले भने," "हामी पनि अब आइतबार होइन शनिबार नै परमेश्वरको साबथ दिन भनेर मान्नेछौँ।"

जोसेफ बेट्सले साबथको बारेमा सुने। उनी जहाजबाट धेरै देशहरूमा यात्रा गरेका थिए। जोसेफ बेट्स जहाजको मालिक र चालक अर्थात् क्याप्टेन थिए। उनी धेरै धनी थिए। तर अरूहरूलाई येशूको बारेमा सुनाउन उनले आफ्नो जहाज पनि बेचे र भएको पैसा सबै सुसमाचार



जोसेफ बेट्सको जहाज

सुनाउन सहयोग गरे। अब उनी  येशूको निम्ति गरिब हुन पुगेका थिए।

पवित्र दिन आइतबार होइन शनिबार साबथ नै हो भनेर जब उनले बाइबलबाट सिकाएको सुने तब उनी धेरै खुशी भएका थिए। उनले आफ्नो श्रीमतीलाई भने: "हामीले सबैलाई सातौँ दिन साबथको बारेमा सुनाउनुपर्छ।"

श्रीमतीले अचम्म मानेर सोधिन्,  "हैन, मैले कसरी सुनाउने?" उनले भने: "म साबथको बारेमा सानो किताब




लेख्छु। अनि उनले किताब लेख्न सुरु गरे। किताब छाप्न धेरै पैसा चाहिन्थ्यो तर उनीसँग थोरै पैसामात्र उनको खल्तीमा थियो। तर त्यो किताब छाप्न पैसा येशूले नै पठाउनुहुन्छ भनेर उनले विश्वास गरेका थिए।

एक दिन जब उनी आफ्नो कोठामा किताब लेख्दै थिइ, उनकी श्रीमती भान्सा कोठाबाट आइन्।

उनले पाउरोटी बनाउँदै थिइन्। उनले आफ्नो

श्रीमानलाई सोधे: "तपाईँले किन दुई किलोमात्र पिठो किनेर ल्याउनु भयो। मैले पाउरोटीको लागि सबै चलाएँ। अब मलाई अरू पिठो पनि चाहिन्छ।"

"मसंग भएको सबै पैसाले पिठो किनेँ। मसँग पैसा नभएकोले धेरै किन्न सकिँन," जोसेफ बेट्सले जवाफ दिए।

"अब के गर्ने, अब के गर्ने?" भनेर श्रीमती बेट्स रुन थालिन्।

क्याप्टेन बेट्सले भने: "येशूले हामीलाई सहयोग गर्नुहुन्छ।"

"तपाईँले जहिले पनि त्यही भन्नुहुन्छ," भन्दै सुँक्क सुँक्क गरेर भान्सा कोठामा गइन्।

एकै छिनपछि क्याप्टेन हुलाक अड्डामा गए। त्यहाँको हुलाकीलाई उनले सोधे, "मेरो लागि केही चिठ्ठी छ कि?" त्यो मानिसले उनलाई चिठ्ठी दियो। त्यस पत्रमा उनलाई कसैले दस डलर (वा अहिलेको १२०० रुपैयाँ) पठाएको रहेछ। क्याप्टेनले येशूलाई धन्यवाद दिए।

क्याप्टेनले मनमनै सोचे: "अब म मेरी श्रीमतीलाई

तिनछक्क पार्नेछु।उनी खुशी हुनेछिन्।"

उनी तुरन्तै पसलमा गए। उनले एक बोरा पिठो किने। उनले आलु र चिनी पनि किने। उनले श्रीमतीको निम्ति भान्साको निम्ति अरू थोकहरू पनि किने। उनले पसलेलाई अऱ्हाए: "यी सामानहरू मेरो घरको आँगनमा राखिदिनुहोस्। तर मैले किनेको भने नभन्नु है!"

जब क्याप्टेन बेट्स घरमा आए तब उनकी श्रीमती छक्क पर्दै खुशी भएर उनलाई सुनाइन्। "हेर्नुहोस् न हाम्रो आँगनमा के छ?" रुँदै भनिन्। "एक बोरा पिठो। यहाँ त आलुहरू पनि छन्, चिनी पनि छन् र अरूहरू पनि छन्। हमीसँग पैसा नै छैन। यी सामना त हाम्रो होइन।"

क्याप्टेन एक छिन केही थाहा नपाएको जस्तै गरेर बसे। आखिरमा उनी बोले, "यो हाम्रै हो। मैले नै पसलाट किनेको हो।" अनि उनले पैसा पठाएको चिठ्ठी देखाए। श्रीमतीले परमेश्वरलाई धन्यवाद दिइन्: "येशूले हमीलाई हेरचाह गर्नुहुन्छ। उहाँलाई हामीले धन्यवाद स्तुति चढाउनु पर्छ।"

अनि छिटै साबथको बारेमा किताब लेख्न सकियो। उनी प्रेसमा गए र प्रेसको साहुलाई भने: "धेरै किताबहरू

छाप्नुहोस्। हप्ताको  सातौँ दिन नै साबथ हो भनेर धेरैले सुन्नैपर्छ।"

उनले लेखेको किताब धेरैले पढे। धेरैले सत्य तथा वास्तविक साबथ पालन गर्न थाले।

अनि तिनीहरूले भने: "हामीहरू एडभेन्टिस्ट हौँ किनकि येशू छिटै आउनुहुन्छ भनेर हामी विश्वास गर्छौँ। हामी आइतबार होइन सातौँ दिन शनिबारलाई साबथ भनेर पालना गर्छौँ किनभने बाइबल अनुसार यो सत्य हो। अब हामी आफै नयाँ चर्च भनेर चिनाउने छौँ। हामीले हाम्रो चर्चलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्च हो भनेर सबैलाई चिनाउनेछौँ।"

# अध्याय १८

## पहिलो साबथ स्कूल पाठ

आफ्ना मानिसहरूसँग परमेश्वर खुशी हुनुहुन्थ्यो। छिटैनै उहाँले साबथको बारेमा सिकाउन सन्देश उहाँको अगमबक्ताद्वारा पठाउनुभयो।

स्वर्गदूतले श्रीमती एलेन ह्वाइटसँग कुरा गर्नुभयो र स्वर्गका बस्तुहरूलाई दिव्यदर्शनद्वारा देखाउनुभयो।श्रीमती ह्वाइटले स्वर्गमा एउटा सुन्दर सन्दुक देखिन्।

अनि उनले येशूलाई देखिन्। उहाँले त्यो सन्दुक खोल्नुभयो। त्यस सन्दुकमा दुई सुन्दर ढुङ्गाहरू थिए। ती ढुङ्गामा दश आज्ञाहरू लेखिएको थियो। अनि एउटा चहकिलो ज्योति चौथो आज्ञाको वरिपरि रहेको उनले देखिन्। त्यस आज्ञामा यो लेखिएको थियो, "साबथ दिनलाई याद राख र यसलाई पवित्र राख।"

श्रीमती एलेल ह्वाइटले आफूले देखेका त्यो ढुङ्गामा



एल्डर ह्वाइटले बाटो छेउ बसेर साबथ पाठहरू लेख्थे

लेखिएका दश आज्ञाहरू र चौथो आज्ञामा ज्योतिको घेरा भएको कुरा मानिसहरूलाई सुनाइन्। स्वर्गदूतले उनलाई के भने त्यो पनि उनले भनिन्।

अनि ती मानिसहरूले भने: "हामीले साबथ दिन जहिले पनि पवित्र राख्नुपर्छ।" हरेक साबथ चर्चको निम्ति मानिसहरू भेला हुन्थे।

एल्डर बेट्स र अरू पास्टरहरू एक सहरबाट अर्को सहरमा जान्थे। साबथमा जम्मा जम्मा भएका मानिसहरूलाई तिनीहरूले बाइबलबाट सिक्नुपर्ने कुराहरू सिकाउँथे।

एल्डर र श्रीमती ह्वाइट पनि ती सहरहरूमा जान्थे। तिनीहरूले पनि मानिसहरूलाई प्रभुको बारेमा प्रचार गर्थे।

आफ्ना बाबु र आमाहरूसँग सेभेन्थ-डे एडभेन्टिस्ट केटा र केटीहरू पनि चर्च र सुसमाचार प्रचार गर्ने भेलामा जान्थे। आफ्ना बाबु र आमाहरूसँग रमाइलो मानेर आउने बालबालिकाहरू देखेर पास्टरहरू खुशी हुन्थे। एल्डर ह्वाइटले भन्नुभयो: "यी बालबालिकाहरूले पढ्न साबाथ स्कूल पाठ चाहिन्छ। साबथ स्कूल पाठ पढ्न तिनीहरूलाई आफ्नै किताब चाहिन्छ।"

एल्डर ह्वाइटले साबथ स्कूल पाठहरू लेखे। त्यसको निम्ति उनले धेरै घन्टाहरू बिताउनु हुन्थ्यो।

एल्डर ह्वाइटले बाटो छेउ बसेर साबथ पाठहरू लेख्थे उनले यो पनि भने: "म साना भाइ बहिनीहरूको निम्ति पनि लेखहरू लेख्नेछु र पत्रिका छाप्नेछु। यस पत्रिकालाई "द युथ इन्स्ट्रक्टर भनिनेछ।"

कहिलेकाहीँ जब उनले चर्चहरूमा जानेबेलामा बाटोको छेउमा बसेर खाजा खान्थे। जब उनले खाजा खाएपछि धेरै साबथ पाठहरू उनले लेख्थे। केटा र केटीहरूले ती पाठहरू पढे। बाबु र आमाहरूले पनि तिनीहरूसँग पाठ पढ्दथे। अनि कतिपय ठाउँहरूमा साबथ स्कूल वा बालसङ्गति हुन थाले। ती सङ्गतिहरू किन्डरगार्टेन कोठाहरूमा हुन्थे। त्यसबेला युवायुवतीहरूको निम्ति साबथ स्कूल पाठ पढाउन अलगै कथा हुँदैनथ्यो। हजुरबा, हजुर आमा, बाबु, आमा र युवायुवतीहरू एकै कोठामा साबथ स्कूल हुन्थ्यो। तिनीहरू साबथ पाठहरू सिक्दथे।



सबैले भेटीको निम्ति पैसा ल्याउँथे। सबै केटा र केटीहरूले साबथ स्कूलमा भेटी दिन्थे।

धेरै वर्षपछि बालबालिका र युवायुवतीहरूको निम्ति साबथ स्कूल चलाउन आफ्नै कोठाहरू भए। तिनीहरूको निम्ति कथा र बाइबल पाठ भएको आफ्नै पत्रिका पनि छापियो।

# अध्याय १९

## चर्चले चलाएको पहिलो स्कूल

सेभन्थ-डे एडभेन्टिस्ट भाइ र बहिनीहरू सुरो थिए। तिनीहरू अरू केटाकेटीहरूसँगै स्कूल जान्थे।

धेरै समयमा ती केटाकेटीहरू एडभेन्टिस्ट केटाकेटीहरूलाई जिस्क्याउँथे र हेप्थे। तिनीहरूले भन्थे, "येशू आउनुहुन्छ भनेर तिमीहरूले विश्वास गर्छौं। हामी आइतबार चर्च जान्छौं तर तिमीहरू शनिबार चर्च जान्छौं। तिमीहरू मूर्ख हौ।"


अरू इसाई केटाकेटीहरूले आफ्ना छोराछोरीहरूलाई हेपेको देखेर सेभेन्थ-डे एडभेन्टिस्ट बाबु र आमाहरूले सल्लाह गरे, "हाम्रो चर्चले नै स्कूल चलाउनु आवश्यक छ। हाम्रा छोराछोरीहरूले बाइबल सिक्नैपर्छ र अरूहरूको सेवा गर्न सिक्नैपर्छ।

मीस मर्टन शिक्षिका थिइन्। उनले भनिन्, "मैले नै चर्च स्कूल सुरु गर्छु।" उनले स्कूल सुरु गरिन्। बालबालिकाहरू आए। सुरुमा चर्चैको कोठामा नै स्कूल

खोलिएको थियो। तिनीहरूले स्कूलमा बाइबल सिके। तिनीहरूले लेख्न, पढ्न र हिसाब सिके। तिनीहरू कसरी मिसिनेरी अर्थात् अरूको सेवा गर्ने भनेर सिके। तिनीहरूले त्यस स्कूललाई हप्ताको पचिस सेन्ट वा तीस रुपैँया दिए। आफ्नै चर्च स्कूल भएकोले तिनीहरू धेरै खुशी थिए।

अर्को शिक्षिकाले पनि आफ्नै भान्सा कोठामा स्कूल खोलिन्। यस स्कूलमा बार्हजना विद्यार्थीहरू थिए।

अनि केही वर्षपछि तिनीहरूको आफ्नै स्कूल भवन बन्यो।



एउटा पहिलो एडभेन्टिस्ट चर्च स्कूलका फोटो

प्रभुले श्रीमती एलेन ह्वाइटद्वारा चर्च स्कूलको बारेमा सन्देश दिनुभएको थियो। उनले भनिन्, "हाम्रो धेरै स्कूलहरू हुनुपर्दछ। बालबालिकाहरूलाई बाइबलको बारेमा सिकाउनुपर्दछ। तिनीहरूलाई मिशिनेरी वा अरूहरूको सेवा गर्न सिकाउनुपर्छ। अनि छिटै धेरै स्कूलहरू हुनेछन्।" शिक्षक र शिक्षिकाहरूले धेरै ठाउँहरूमा चर्च स्कूलहरू खोले।

अहिले संसारभरि सयौँ स्कूलहरू छन् जुन चर्चले चलाउँछन्। ती स्कूलहरूमा हजारौँ विद्यार्थीहरू छन्। तिनीहरूले बाइबल पढ्छ्न। तिनीहरू मिशिनेरी वा अरूहरूको सेवा गर्न सिक्दछन्।

# अध्याय २०

# सुसमाचार शिबिर

केटाकेटीहरू सुसमाचार शिबिरमा जान धेरै मनपराउँथे। धेरै ठूला ठूला पालहरू टाँगेर येशूको बारेमा जान्न मानिसहरूले ती पालहरूमा सिकाउँथे। त्यसबैला धेरै मानिसहरू धेरै ठाउँहरूबाट जम्मा हुन्थे। पालमा सुत्नु र खानु रमाइलो थियो। त्यसबेला बुबा र आमाहरूको निम्ति अलगं सभाहरू हुन्थे। केटाकेटीहरूको निम्ति पनि अलगै सभाहरू हुन्थे। तिनीहरू खुशी भएर गीत गाउँथे। तिनीहरूले येशूसँग प्रार्थना गर्थे। विभिन्न ठाउँ र देशहरूमा मिसिनेरीहरू गएर कसरी सुसमाचार सुनाए र कसरी मानिसहरूले येशूलाई माया गर्न थाले भन्ने रोचक र र? रमाइला कथाहरू केटाकेटीहरूले सुन्न पाउँथे।


सबभन्दा पहिलो क्याम्प मिटिङ्गको बारेमा सुन्न चाहन्छौँ? यो धेरै वर्ष अघि भएकोथियो। मानिसहरू घोडाले तान्ने बग्गीहरूमा आउँथे। तिनीहरू सयौँ किलोमिटरबाट आउँथे। तिनीहरू आफ्नै पालहरू ल्याउँथे र चौर वा




क्याम्प मिटिङ्ग

रूखमुनी टाँग्थे। ती पालहरूमा परालहरू राख्थे। ती परालहरूमाथि तिनीहरूले ओछ्यान लगाउँथे। कतिपय मानिसहरू बग्गीमै सुत्दथे। सुरुमा केटाकेटीहरूको निम्ति कार्यक्रम अलगै थिएन। सबै जना पालमा जान्थे।

एल्डर बेट्स र अरू पास्टरहरूले प्रचार गरेका थिए। एल्डर र श्रीमती ह्वाइटले पनि प्रचार गरेका थिए।



तिनीहरूले धेरै गीतहरू गाए। तिनीहरू मिलिजुली येशूसँग प्रार्थना गरे।

बेलुकीको सभापछि मानिसहरू आ - आफ्नै पालहरूमा जान्थे।

जब क्याम्प मिटिङ्ग सकियो तब मानिसहरूले पाल खोलेर पट्याउँदथे। तिनीहरूले सबै सामानहरू फेरि बग्गीहरूमा राख्दथे।

तिनीहरूले भने: "हामीले धेरै कुराहरू सिक्यौँ। हामीले येशूको बारेमा अझै सिक्यौँ। अर्को वर्ष पनि क्याम्प मिटिङ्गमा हामी फेरि आउँछौँ।"

केटाकेटीहरूले आफ्ना साथीहरूलाई बाइबाइ भनेर बग्गीहरूमा चढे। अनि ती बग्गीहरू फर्केर फेरि टाढा टाढा यात्रा गरेर गए।

# अध्याय २१

## अमेरिकाबाट बिदेशमा सुसमाचार प्रचार गर्न जाने पहिलो सेभेन्थ-डे एडभेन्टिस्ट

अरू देशका मानिसहरूले पनि येशूको आगमनको बारेमा सुन्न चाहेका थिए। तिनीहरू अमेरिकाबाट मानिसहरू येशूको आगमनको बारेमा सिक्न पठाए। अनि तिनीहरूले चर्चका अगुवाहरूलाई सोधे: "युरोपमा पनि येशूको आगमनको बारेमा सुनाउन तपाईँहरूले कसैलाई पठाउनुहुन्न र?"


पाष्टर अगुवाहरूले भने: "हो, कोही न कोही त जानुपर्छ। तर को जान्छ र?"

तिनीहरूले बिदेशमा सुसमाचार प्रचार गर्न कोही जान्छ कि भनेर यताउती सोध्न थाले।

अनि तिनीहरूले एल्डर आन्ड्र्युलाई सम्झे। "उहाँ त असल मिसिनेरी हुन सक्छ। उहाँ असल र दयालु हुनुहुन्छ," तिनीहरूले भने।

"उनको हृदय येशूप्रतिको मायाले भरेको थियो। उनले

येशूको बारेमा अरूहरूलाई राम्रैसँग सुनाउन सक्छन," भनेर तिनीहरू सहमत भए। अनि अगुवाहरूको मिटिङ्ग



बस्यो। एल्डर आन्ड्र्यु पनि त्यस मिटिङ्गमा गए। तिनीहरूले उनलाई यो सुनाए: "युरोपका मानिसहरूले हामीहरूलाई पनि सुसमाचार सुनाउन आउनुहोस् भनेर अनुरोध गरेका छन्। के तपाईँ जानुहुन्छ त?"

"म जान्छु," उनले जवाफ दिए। "म मेरो परिवारसाथ जानेछु। हामी त्यहीँ बस्नेछौँ। येशूको आगमनको बारेमा सुसमाचार म तिनीहरूलाई सुनाउँछु," उनले थपे।

अनि उनी जान तयार भए। उनका छोरा छोरी मेरी र चार्लस पनि जान तयार भए।

तिनीहरू ठूलो डुङ्गामा चढेर गए। तिनीहरू धेरै दिनसम्म समुद्रमा यात्रा गरे। जब तिनीहरू समुद्रको किनारमा आए तब तिनीहरू रेल चढेर धेरै लामो यात्रा तिनीहरू स्विटजरलाण्ड भन्ने देशमा आए। यो देश युरोपमा पर्छ। एल्डर आन्ड्र्यु त्यस देशमा धेरै वर्ष बिताए। उनले येशूको बारेमा प्रचार गरे। धेरै मानिसहरूले येशूको बारेमा सुने र विश्वास गरे। अमेरिकाबाट बिदेशमा मिसिनेरी हुने एल्डर आन्ड्र्यु पहिला थिए।

अनि अमेरिकाका चर्चका अगुवाहरूले छलफल गरेर भने:" हामीले अरू मिसिनेरीहरूलाई पनि पठाउनेछौँ। हामी सबै देशमा मिसिनेरीहरू पठाउनेछौँ। सानो सानो टापुहरूलाई पनि हामीले बिर्सनुहुन्न। त्यहाँ बसेका मानिसहरूले पनि सन्देश सुन्नै पर्छ।"

त्यसकारण, तिनीहरूले धेरै देशमा मिसिनेरीहरू पठाए।

तिनीहरूले भने: "सानो सानो टापुहरूको निम्ति

मिसिनेरी जहाज बनाउनु पर्छ।"

अनि केटाकेटीहरूले पैसा बचाए। बाबु र आमाहरूले पनि पैसा बचाए। अनि एउटा डुङ्गा निर्माण गरे।त्यस डुङ्गालाई "पितकार्न," भनेर नाउँ दिए। त्यो एउटा टापुको नाउँ थियो।

मिसिनेरीहरूले त्यहाँ र धेरै टापुहरूमा येशूको बारेमा सुसमाचार प्रचार गरे।

# अध्याय २२

## श्रीमती एलेन ह्वाइटका अन्तिम दिनहरू

श्रीमती एलेन ह्वाइटले अमेरिका र अरू देशहरूमा धेरै यात्रा गरिन्। उनले धेरै किताबहरू लेखिन्। उनले येशूको बारेमा धेरै सुनाइन्। उनको जीवन सबैको निम्ति आशिषले भरिपूर्ण भएको थियो।

उनी ८८ वर्षको हुँदा उनी आफ्नो पढ्ने कोठामा जाँदै थिइन् तब उनी ठेस लाएर लडिन्। तब उनको नर्स र भतिजी मेरी वेलिङ्गले डाक्टर किलगमानलाई बोलाइन्। तिनीहरूले श्रीमती ह्वाइटलाई अस्पताल लगे।




एलेन जी ह्वाइटको अन्त्येष्टी



एलेन जी ह्वाइटको अन्त्येष्टीमा भेला

एक्सरे गर्दा उनको तिघ्राको माथिल्लो भाग वा हिप भाँचिएको देखायो।

त्यस दुर्घट्ना पछि श्रीमती एलेन ह्वाइटले आफ्नो छोरो विलीलाई आफ्नो काम सकियो र आफू मर्न तयार भएको बताइन्। येशू नआउनुहुँदासम्म उनी सुतिरहनेछु भनेर पनि सुनाइन्।

उनी हिँड्न सकिनन्। उनी ह्विलचेयरमा रहिन्। धेरै मानिसहरूले उनलाई भेट्न आए। उनी धेरै बाँच्दीन्न भनेर सबैले थाहा पाए।

अनि एक दिन उनकी नर्सले स्याहार गर्दै थिइन्




**Ellen G. White**

Gorham, ME - Nov. 26, 1827
St. Helena, CA - July 16, 1915

उनलाई सार्‍हो भएको जस्तो नर्सलाई महसुस भयो। आफन्तहरूलाई बोलाइन्। अनि दिउँसो शान्तसँग आफ्नो अन्तिम सास फेरिन्। उनको छोरो विली ह्वाइटले लेखे, "मेरी आमा त मैनबत्ती निभेको जस्तै निभिन्। उनी चुपचाप येशूमा सुतिन्।"

श्रीमति ह्वाइट ७० वर्षसम्म प्रभुको निम्ति सेवा गरिन्। मर्ने बेलामा उनी डराइनन्। उनलाई थाहा थियो कि जब येशू आउनुहुन्छ तब आँखाकै निमेषमा उनी व्युँझिनेछिन् र उहाँसँग सधै रहनेछिन्।

उनको अन्त्येष्टी कार्यक्रममा ३००० मानिसहरू भाग लिएका थिए। त्यसबेला उनको बारेमा बाइबलको शिक्षक एल्डर एस. एन. हास्कलले

उनको जीवनीको बारेमा सबैलाई सुनाएका थिए।

पत्र पत्रिकाहरूमा उनको बारेमा धेरैले लेखे। एउटा पत्रिकामा यो लेखिएको थियो, "श्रीमती ह्वाइट एक आदर्श र अनुसरणीय व्यक्तित्व हुनुहुन्छ। ...उनी नम्र र येशूलाई धेरै माया गर्थिन्। उनले जहिले पनि अरूहरूलाई सहायता गर्दथिन्। उनलाई सबैले सम्मान र श्रद्धा राख्थे। उनी आफ्नो भाउ कहिल्यै खोजेनन्। उनी निश्वार्थी थिइन्। उनले बाइबल धेरै जाने पनि उनले कहिल्यै पनि "मलाई सबै थाहा छ भनेर फुर्ति लगाउनुभएन। उनी कहिल्यै पनि धनको लोभमा फसिनन्। उनी परमेश्वरको निम्ति बोल्ने वा अगमवक्ताको जीवन बिताएकी थिइन्। अमेरिकाको इतिहासमा उनी धेरै प्रख्यात र मन पराउने महिलामा गनिनेछ।"

भाइबहिनीहरू हो, उनको जीवन हाम्रो लागि एक उदाहरण हो। हामी पनि उनी जस्तै येशूलाई माया गर्नु पर्छ। अरूहरूलाई उहाँको प्रेमको बारेमा सुनाउनु पर्छ। उनी जस्तै धेरै किताबहरू लेखेर येशूको बारेमा सुनाउनु पर्छ।

# अध्याय २३

## सारा संसारमा उडेर र गुडेर सेभेन्थ-डे एडभेन्टिस्टले पाएको सन्देश फैलिनै काम

येशू फेरि फर्किनुहुन्छ भन्ने सन्देश पाएको धेरै वर्ष भयो। सेभेन्थ-डे एडभेन्टिस्टले धेरै धेरै ज्ञानहरू पाएका छन्। तिनीहरूलाई फैलाउन धेरै आवश्यक छ।

सुरुमा थोरै सेभेन्थ-डे एडभेन्टिस्टहरू थिए। अहिले धेरै धेरै छन्।

तिनीहरूका स्कूल र कलेजहरू छन्। हजारौँ बालबालिका, केटाकेटी र युवाहरू ती स्कूल र कलेजहरूमा जान्छन्।

तिनीहरूका धेरै अस्पतालहरू छन्। ती अस्पतालहरूमा येशूलाई माया गर्ने डाक्टर र नर्सहरू छन्। तिनीहरूले बिरामीहरूलाई हेरचाह गर्छन्।

धेरै देशहरूमा तिनीहरूको आफ्नै प्रेसहरू छन्। हरेक वर्ष ती प्रेसहरूले धेरै किताबाहरू छाप्छन्। तिनीहरूले धेरै

पत्रिकाहरू पनि छाप्छन्।

येशू फेरि आउनुहुनेछ भन्ने खबर पाएको समयमा अरू देशहरूमा सुसमाचार सुनाउन पठाउने थोरै मात्र थिए र अरु देशहरूमा गएर प्रभुको सुसमाचार सुनाउने मानिसहरू पनि थोरै मात्र थिए। आज संसारका धेरै देशहरूमा सुसमाचारको काम गर्न र मानिसहरूलाई सेवा गर्न यात्रा गर्छन्। तिनीहरू डुङ्गा र पानी जहाजहरूबाट समुद्रहरूमा यात्रा गर्छन्। ठूला ठूला हवाइ जहाजहरू छन् जसले प्रभुलाई माया गर्नेहरूलाई लैजान्छन्। तिनीहरू रेलमा, बसमा, मोटर साइकलमा, कारहरूमा यात्रा गरेर



अरूहरूलाई प्रभुको मायाको बारेमा सुनाउँछन् र सेवा गर्छन्।

सेभेन्थ-डे एडभेन्टिस्टहरू पास्टर र बाइबलका विद्वानहरूले रेडियो, टेलिभजन, युट्युब र मोबाइलहरूबाट येशूको मायाको बारेमा सुनाइरहेकाछन्। यसले गर्दा संसारका करोडौँ मानिसहरूले आफ्नै घरमा बसेर सुसमाचार सुन्न पाइरहेकाछन्।

येशू स्वर्ग जानुभन्दा अघि उहाँका चेलासाथीहरूलाई भन्नु भएको थियो, "संसारका सबै देशहरूमा गएर परमेश्वरले माया गर्नुहुन्छ भन्ने कथा सुनाउ। अनि सबैले यो कथा सुनिसकेपछि म फेरि आउने छु।

संसारका धेरै देशका मानिसहरूले परमेश्वरको माया र हाम्रो निम्ति येशू मर्नुभयो भन्ने कथा सुनिरहेकाछन्। छिटै सबैले सुन्ने छन्। येशूले आफूलाई माया गर्नुहुनेहरूलाई दिनुभएको काम छिटै सकिनेछ। अनि उहाँ आउनुहुनेछ र हामीलाई उहाँ भएको ठाउँमा लानुहुने।

जब यस संसारलाई र हामीलाई सृष्टि गर्नुहुने परमेश्वरले प्रेम गर्नुहुन्छ र उहाँलाई प्रणाम गर भन्ने तीन स्वर्गदूतहरूको सन्देश डुङ्गा, पानी जहाज, रेल, हवाइजहाज, रेडियो, टेलिभिजन, मोबाइल, किताब, पत्रपत्रिकाहरूबाट, हाम्रै जीवन र बोलिवचनबाट सुनाउन

सकिन्छ तब येशू आउनुहुनेछ र हामीलाई उहाँकहाँ रहन लैजानुहुनेछ। अहिले नै येशूलाई माया गर्न सिकौँ ताकि अनन्तसम्म उहाँसँग रमाइलो मानेर बस्न सकौँ।